# प्रभाव दैनिक
National Daily

वर्ष १२ | अंक २०० | काठमाडौं | बिहीबार, ०४ मंसिर २०८२ | Prabhab National Daily | Thursday, 20 November 2025 | www.prabhabonline.com | पृष्ठ ८ | मूल्य रू. ५।-



**सडक दुर्घटनाबाट बचौं र बचाऔं**

- सवारी साधन चलाउँदा सावधानी अपनाऔं,
- ट्राफिक नियम पालना गरौं,
- तीव्र गतिमा सवारी साधन नचलाऔं,
- मद्यपान तथा लागु पदार्थ सेवन गरेर सवारी साधन नचलाऔं,
- सवारी चालकले मद्यपान तथा लागु पदार्थ सेवन गरेको शंका लागेमा तत्काल प्रहरीलाई खवर गरौं,
- पैदल यात्रूले बाटो काट्दा जेब्राक्रस वा आकाशे पुलको प्रयोग गरौं,
- सवारी चालकले सिटबेल्ट, हेलमेट अनिवार्य प्रयोग गरौं,
- सवारी साधन नियमित मर्मतसम्भार गरौं,
- दुर्घटना भएमा तुरून्त प्रहरी वा स्वास्थ्य संस्थामा सम्पर्क गरौं ।

**सावधानी अपनाऔं, जीवनलाई सुरक्षित बनाऔं ।**

नेपाल सरकार
**विज्ञापन बोर्ड**


# निर्वाचनका लागि प्रधानमन्त्री प्रतिबद्ध, कांग्रेस-एमाले सशंकित



**प्रधानमन्त्रीनिवास बालुवाटारमा बुधबार प्रधानमन्त्री सुशीला कार्कीले आयोजना गरेको सर्वदलीय बैठकमा सहभागी नेताहरू ।** *तस्बिर: रासस*

■ **प्रभाव संवाददाता**

**काठमाडौं–** फागुन २१ को प्रतिनिधिसभा निर्वाचन नजिकिँदै गर्दा प्रधानमन्त्री सुशीला कार्कीले दलहरूसँगको सम्बन्ध सुमधुर पार्ने प्रयास थालेकी छन् । बुधबार निर्वाचन आयोगमा दर्ता भएका दलहरूसँग चार घण्टा लामो छलफल गर्दै प्रधानमन्त्री कार्कीले सरकारको अभियानलाई साथ दिन आग्रहसमेत गरिन् ।

प्रधानमन्त्रीनिवास बालुवाटारमा भएको छलफलको सुरुमै सम्बोधन गर्दै प्रधानमन्त्री कार्कीले प्रतिनिधिसभाको निर्वाचन गर्न सरकार प्रतिबद्ध रहेको जनाइन् । 'आगामी फागुन २१ मा प्रतिनिधिसभा सदस्य निर्वाचन सम्पन्न गर्नु हाम्रो संवैधानिक दायित्व र जनताप्रतिको अटल राजनीतिक प्रतिबद्धता हो,' कार्कीले भनिन् । यसका लागि मंसिर १० भित्र निर्वाचन प्रयोजनका लागि दल दर्ता गर्नसमेत आग्रह गरिन् ।

गत निर्वाचनमा प्रतिनिधिसभामा

- बुधबार प्रधानमन्त्री सुशीला कार्कीले डाकेको सर्वदलीय छलफलमा ११० दलको उपस्थिति, चार घण्टा चलेको छलफलमा ५६ जनाले धारणा राखे
- शीर्ष दल नेपाली कांग्रेस र नेकपा एमाले सरकारको निर्वाचन तयारीप्रति सशंकित
- माओवादी, रास्वपालयायतका दल निर्वाचनमा जान तयार

शीर्ष स्थानमा रहेको नेपाली कांग्रेस र नेकपा एमालेले दल निर्वाचन प्रयोजनका लागि दल दर्ताको तयारी गरेको छैन । कांग्रेसले आजको केन्द्रीय समितिबाट यससम्बन्धी निर्णय गर्ने तयारी गरेको बताइएको छ । एमालेले प्रतिनिधिसभा पुनर्स्थापनाको माग चर्काउँदै यो निर्वाचन हुनै नसक्ने बताउँदै आएको छ ।

कांग्रेस र एमालेलाई लक्षित गर्दै प्रधानमन्त्री कार्कीले निर्वाचन बहिष्कार गर्नु अराजकताजन्य काम भएको बताइन् । 'दल दर्ता नगर्ने वा निर्वाचन बहिष्कार गर्ने कुनै पनि दलले लोकतन्त्रको रक्षाभन्दा अराजकता रोजेको ठहरिने छ,' कार्कीले भनिन् । यतिमात्र हैन उनले एमाले अध्यक्ष केपी शर्मा ओलीलाई लक्षित गर्दै 'हेट स्पिच' दिनेलाई कारबाहीको दायरामा ल्याउने चेतावनी दिइन् । प्रधानमन्त्री ओलीले पछिल्ला दिनमा पटक-पटक सरकार र निर्वाचन लक्षित आरोप व्यक्त गर्न थालेका छन् ।

ओली लक्षित मन्तव्य दिँदै प्रधानमन्त्री कार्कीले भनिन्, 'केही नेताहरूले प्रयोग गर्नुभएका द्वेषपूर्ण शब्दावलीहरूले राजनीतिक र सामाजिक वातावरणलाई दूषित बनाएका छन् । आचारसंहिताको गम्भीर उल्लंघन मान्दै त्यस्ता द्वेषपूर्ण अभिव्यक्ति र हेट स्पीचविरुद्ध तत्काल र सार्वजनिक कारबाही गर्न सरकारले निर्वाचन आयोगलाई पूर्ण सहयोग गर्ने छ,' कार्कीले भनिन् ।

क्रमशः पृष्ठ २ मा

# एमाले र जेन-जीको झडपले सिमरामा तनाव

## चुनावी वातावरण निर्माणमा थपियो चुनौती

५०-६० जना मान्छे आएर ढुंगामुढा गरेर एयरपोर्ट नै बन्द गराइदिने ? के हो यस्तो ? अनि भन्छ चुनाव गर्ने रे ? सभा गर्न नदिनेले चुनाव कसरी गर्छ ?

**केपी शर्मा ओली**
अध्यक्ष, नेकपा एमाले

सिमरामा भएको घटना संवेदनशील छ । यसमा राष्ट्रिय स्वतन्त्र पार्टीको गम्भीर सरोकार र सरकारको आवश्यक ध्यानाकर्षण माग गर्दछौं ।

**मनिष झा**
प्रवक्ता, रास्वपा


सिमरा घटना जेन-जी भावना होइन, त्यसको दुरुपयोग हो । निषेधको राजनीति कसैले नगरौं ।

**विश्वप्रकाश शर्मा**
महामन्त्री, नेपाली कांग्रेस

■ **जेबी योञ्जन**

**काठमाडौं–** प्रधानमन्त्री सुशीला कार्कीले निर्वाचन आयोगमा दर्ता भएका १२७ वटा दलका नेताहरूसँग बुधबार चुनाव केन्द्रित छलफल गरिन् । तर, उक्त छलफल हुनुभन्दा केही घण्टाअघि मधेस प्रदेशअन्तर्गत बाराको सिमरामा झडपको अवस्था सिर्जना भयो । नेकपा एमालेका कार्यकर्ता र जेन-जी अलायन्समा आबद्ध युवाहरूबीच झडप भएको हो ।

जेन-जी अगुवा दाबी गर्ने सुदन गुरुङले पूर्वप्रधानमन्त्रीसमेत रहेका एमाले अध्यक्ष केपी शर्मा ओलीसहितका नेताहरूलाई चुनाव लड्नै नदिने



*तस्बिर सौजन्य: नेपाल फोटो लाइब्रेरी*

- एमाले महासचिव शंकर पोखरेल र पोलिटब्युरो सदस्य महेश बस्नेतलाई विमानस्थलमै रोक्न जम्मा भएका जेन-जी र एमाले कार्यकर्ताबीच झडप
- जेन-जी युवा सम्राट उपाध्याय एमाले कार्यकर्ताबाट कुटिएको दाबी
- कुटपिटपछि जेन-जी युवाहरु प्रतिकारमा उत्रिँदा तनाव
- सिमरा घटनाले चुनावी सुरक्षामा गम्भीर प्रश्न

अभिव्यक्ति दिएको सन्दर्भबीच बुधबार एमाले कार्यकर्ता र जेन-जी अलायन्सका युवाहरू झडपमा उत्रिएका हुन् । स्थिति नियन्त्रणमा लिन जिल्ला प्रशासन कार्यालयले निषेधाज्ञा लगाउनुपर्‍यो । यसले चुनावी सुरक्षामाथि गम्भीर प्रश्न उठेको छ ।

सिमरा घटना हुनुमा एमाले जिम्मेवार रहेको जेन-जी अगुवाहरूको दाबी छ । जेन-जी अलायन्स बाराका संयोजक सम्राट उपाध्यायलाई सुरुमा एमाले कार्यकर्ताले कुटपिट गरेको जेन-जी समूहका मधेस प्रदेश संयोजक शिव यादवले बताए ।

'हामीले प्रहरीमा उजुरी दिएका छौं, उजुरीउपर छानबिन होला,' उनले प्रभावसँग भने, 'सम्राटजीलाई कुटपिट गरेपछि हामी प्रतिकारमा उत्रियौं र स्थिति नियन्त्रणबाहिर गयो ।' सम्राटले मंगलबार बिहान ८ बजेतिर फेसबुकमा स्टाटस लेख्दै 'निर्वतमान हत्यारा सरकारविरुद्ध शान्तिपूर्ण प्रदर्शन' हुन गइरहेको भन्दै सबैलाई आउन अपिल गरेका थिए ।

क्रमशः पृष्ठ २ मा

### 'सिमरामा भएको तनाव र हिंसा दु:खद'

प्रधानमन्त्री सुशीला कार्कीले बाराको सिमरामा बुधबार भएको झडपको घटना दु:खद भएको बताएकी छन् । बुधबार साँझ सामाजिक सञ्जाल फेसबुकमार्फत उनले लोकतन्त्रमा अराजकता स्वीकार्य नहुनेसमेत बताएकी छन् ।

'बाराको सिमरामा आज (बुधबार) देखिएको तनाव र हिंसा अत्यन्तै दु:खद छ । म स्पष्ट पार्न चाहन्छु कि यस किसिमको अराजकता लोकतन्त्रमा कदापि स्वीकार्य छैन । युवाहरूको आक्रोश र राजनीतिक असन्तुष्टिलाई हामीले गम्भीरतापूर्वक लिएका छौं,' प्रधानमन्त्री कार्कीले भनेकी छन् । अभिव्यक्ति स्वतन्त्रताको सम्मान सरकारको...

क्रमशः पृष्ठ २ मा

**सन्दर्भ: वैदेशिक रोजगार**

## युएईले भिसा खोल्ने संकेत

# सरकारी र अर्धसरकारी संस्थाबाट आउन थाल्यो भिसा

युएई सामान्यतर्फ उन्मुख छ । व्यवसायीहरूले केही वर्क पर्मिटहरु निस्किन थालेको भनिरहनुभएको छ । कति समयदेखि प्रतीक्षामा हुनुभएका कामदारहरु जान पाउने वातावरण भयो । खुसी व्यक्त गर्नुभएको छ साथीहरूले ।

**डिकबहादुर खत्री**
वरिष्ठ उपाध्यक्ष, प्रगतिशील वैदेशिक रोजगार व्यवसायी मञ्च



■ **ममता थापा**

**काठमाडौं–** संयुक्त अरब इमिरेट्स (युएई)ले जेन-जी आन्दोलनपछि रोकेको रोजगारी खोल्ने संकेत गरेको छ । दुई महिनाभन्दा बढी बन्द भएको युएईबाट कामदार भिसा आउन थालेको हो । यससँगै व्यवसायीहरू आशावादी बनेका छन् ।

हालै त्यहाँका सरकारी र अर्धसरकारी संस्थाले भिसा दिन थालेको व्यवसायीहरूले बताएका छन् । गत भदौ २३ र २४ गतेको जेन-जी आन्दोलनपछि भदौ ३० गते सोमबारयता युएईले नेपालीका लागि भिजिट र कामदार दुवै भिसा बन्द गरेको थियो ।

नेपालीहरूको प्रमुख रोजगार गन्तव्य युएईले अघोषितरूपमा भिसा बन्द गरिदिँदा व्यवसायी र कामदार समस्यामा परेका थिए । केही दिनयता त्यहाँका अर्धसरकारी कम्पनीहरूले भिसा जारी गर्न थालेको व्यवसायीहरूले बताएका छन् । केही व्यवसायीहरूले भिसा आउन थालेको भन्दै आए पनि आफूलाई विश्वास नलागिरहेको अवस्थामा राजदूत स्वयंले १८ जनाको भिसा पठाइदिएको नेपाल लोकतान्त्रिक रोजगार व्यवसायी एसोसिएसनका अध्यक्ष दिपक थापाले बताए ।

'हाम्रै व्यवसायीले दूतावासको कमजोरीले युएई खुलेन भनेको अवस्थामा मलाई राजदूत स्वयंले १६ तारिखमा १८ जनाको भिसा पठाइदिनुभएको छ । ती भिसाचाहिँ अर्धसरकारी कम्पनीका छन्,' थापाले भने, 'अरु साथीहरूले पनि भिसा निस्कियो भन्न थाल्नुभएको छ ।'

युएईबाट सरकारी कम्पनीको तुलनामा निजी कम्पनीबाट कामदारको माग बढी आउने गरेको थापा बताउँछन् । तर निजीले भने अझै भिसा दिन सुरु नगरेको उनको भनाइ छ । सरकारी कम्पनीहरूले भिसा दिइसकेपछि हालको स्थिति परिवर्तन हुनेमा उनी आशावादी छन् । 'अन्य कम्पनीले पनि खुलाउलान् । एउटै मुलुकमा कसैले लग्ने कसैले रोक्ने भन्ने त नहोला,' थापाले भने ।

युएई सामान्य बन्दै गरेको अवस्थामा व्यवसायीमा खुसी छाएको प्रगतिशील वैदेशिक रोजगार व्यवसायी मञ्च नेपालका वरिष्ठ उपाध्यक्ष डिकबहादुर खत्रीले बताए । 'युएई सामान्यतर्फ उन्मुख छ । व्यवसायीहरूले केही वर्क पर्मिटहरू निस्किन थालेको भनिरहनुभएको छ ।

क्रमशः पृष्ठ ३ मा

# सिंहदरबारभित्रै सऱ्यो स्वास्थ्य मन्त्रालय

- सिंहदरबारभित्र निर्माण गरिएको छ वटा 'प्रिफ्याब' भवनमा सऱ्यो मन्त्रालय
- डब्लुएचओले निर्माण गरेको छ वटा 'प्रिफ्याब' भवन स्वास्थ्य मन्त्रालयलाई हस्तान्तरण
- रामशाहपथस्थित मन्त्रालयको भवन जेन-जी आन्दोलनका क्रममा आगजनीबाट पूर्णरुपमा क्षति भएको थियो




**सिंहदरबारभित्र निर्माण गरिएको प्रि-फ्याब भवन बुधबार हस्तान्तरण गरिँदै ।** *तस्बिर: रासस*

■ **प्रभाव संवाददाता**

**काठमाडौं–** स्वास्थ्य तथा जनसंख्या मन्त्रालयले अब सिंहदरबार परिसरबाटै सेवा प्रवाह गर्ने भएको छ । सिंहदरबारभित्र निर्माण गरिएको छ वटा 'प्रिफचाब' भवनमा सरेसँगै मन्त्रालयले ती भवनबाट सेवा प्रवाह गर्ने भएको हो ।

विश्व स्वास्थ्य संगठन (डब्लुएचओ) को सहयोगमा सिंहदरबार परिसरस्थित नेपाली सेनाको नर्सिङ दल गण रहेको स्थानमा 'प्रिफचाब' भवन निर्माण गरिएको छ । डब्लुएचओका दक्षिण-पूर्वी एसिया क्षेत्रीय कार्यालयकी कार्यवाहक प्रमुख डा. कथेरिन बोहेमले बुधबार एक समारोहबीच ती भवन स्वास्थ्य तथा जनसंख्यामन्त्री डा. सुधा गौतमलाई हस्तान्तरण गरिन् ।

अस्थायी भवन निर्माणका लागि करिब १० करोड रूपैयाँ खर्च भएको जानकारी दिइएको छ । रामशाहपथमा रहेको मन्त्रालय गत भदौ २४ गतेको जेन-जी आन्दोलनका क्रममा आगजनीबाट पूर्णरूपमा क्षति भएको थियो । त्यसयता नेपाल स्वास्थ्य अनुसन्धान परिषद् (एनएचआरसी)को नयाँ भवनबाट मन्त्रालयले काम गरिरहेको छ । यसअघि वि.सं. २०३० मा सिंहदरबार आगलागी भएपछि टेकु हुँदै रामशाहपथ सरेको थियो । मन्त्रालय जेन-जी आन्दोलनका क्रममा आगजनीबाट पूर्णरूपमा क्षति भएपछि पुनः सिहदरबारभित्र सरेको हो ।

भवन हस्तान्तरण कार्यक्रममा मन्त्री गौतमले जनस्वास्थ्य क्षेत्रका अतिरिक्त बाढी, पहिरो, भूकम्पलगायत प्राकृतिक विपद्का घटनापछि मानवीय उपचार र उद्धारमा विश्व स्वास्थ्य संगठनबाट निरन्तर सहयोग प्राप्त भइरहेको बताइन् । उनले आन्दोलनमा आगजनीमा परी क्षति भएपछि मन्त्रालयको दैनिक कार्य सञ्चालन गर्न कठिनाइ भइरहेका बेला छोटो समयमै भवन निर्माण गरी नयाँ कार्यालयमा बस्ने वातावरण तुल्याइदिएकामा विश्व स्वास्थ्य संगठनप्रति आभार व्यक्त गरिन् ।

क्रमशः पृष्ठ ३ मा

## पृष्ठ १ बाट क्रमशः

## एमाले...

नभन्दै बुधबार बिहानै केही जेन-जी युवाहरू विमानस्थलनजिकैको सिमरा बजारमा भेला भएका थिए । भेलामै विवाद हुँदा सम्राटसहित केही युवाहरूमाथि एमाले नेता कार्यकर्ताले कुटपिट गरेको सार्वजनिक भिडियोमा देखिन्छ ।

कुटपिटपछि सम्राटसहित अरु युवाहरूले थपिएर विमानस्थलभित्र छिर्न प्रयत्न गरेका थिए । त्यसबेला प्रहरीसँग घम्साघम्सी भएको थियो । जबकि, एमाले महासचिव शंकर पोखरेल र पोलिटब्युरो सदस्य महेश बस्नेतलाई स्वागत गर्न विमानस्थलको मूल प्रवेशद्वारको गेटमा रहेका क्यान्टिन आसपासमा एमाले कार्यकर्ता भेला भएका थिए । अन्ततः एमाले कार्यकर्ताले उपाध्यायमाथि कुटपिट गरेपछि तनावपूर्ण स्थिति निम्तिएको हो । लगत्तै जिल्ला प्रशासन कार्यालय बाराले निषेधाज्ञा जारी गर्‍यो । झण्डै नौ घण्टामा स्थिति नियन्त्रणमा आएपछि निषेधाज्ञालाई प्रशासनले हटाएको छ ।

जिल्ला प्रहरी कार्यालय बाराका प्रहरी प्रमुख सन्तोष तामाङले उपाध्यायलाई सात/आठ जनाको समूहले कुटपिट गरेको भन्दै इलाका प्रहरी कार्यालय सिमरामा उजुरी परेको बताए । सात/आठ जनाले कुटे भन्ने छ । उजुरी पनि परेको छ,' उनले प्रभावसँग भने, 'अनुसन्धान हुँदै छ ।'

तर, सिमरा घटनापछि एमाले अध्यक्ष केपी शर्मा ओली सरकारको आलोचनामा उत्रिए । उनले सभा गर्न नदिने सरकारले चुनाव गर्छ भनेर पत्याउन नसकिनेसमेत बताए । 'बारामा हाम्रो युवा भेला थियो । सिमरा एयरपोर्ट बन्द भयो । हाम्रा नेताहरू जान पाउनुभएन । जानबाट रोकियो । एयरपोर्टमै तोडफोड गर्न दिइयो,' उनले काठमाडौंमा आयोजित एक कार्यक्रममा भने, '५०-६० जना मान्छे आएर ढुंगामुढा गरेर एयरपोर्ट नै बन्द गराइदिने ? के हो यस्तो ? अनि भन्छ चुनाव गर्ने रे ? सभा गर्न नदिनेले चुनाव कसरी गर्छ ?'

ओलीले आफ्ना दलका नेताहरूलाई रोक्ने जेन-जी अलायन्सका युवाहरूप्रति आक्रोश पोखे । हरेक राजनीतिक दललाई जनतामा जान सभा, सम्मेलन गर्ने, भेटघाट गर्ने र आफ्ना एजेण्डा सुनाउने अधिकार संविधानप्रदत्त हो । तर, बुधबार बाराको परवानीपुरमा आयोजित मधेसस्तरीय युवा भेलालाई सम्बोधन गर्न जाँदा एमाले महासचिव पोखरेल, पोलिटब्युरो सदस्य बस्नेतलगायत नेताहरूलाई जेन-जी अलायन्स बाराले रोक्ने प्रयास गरेको हो ।

घटनालाई राष्ट्रिय स्वतन्त्र पार्टी (रास्वपा)ले संवेदनशील भनेको छ। चुनावी सुरक्षा उपलब्ध गराउन सरकारको ध्यानाकर्षण गरेको छ । जारी केन्द्रीय समिति बैठकबाट बाहिरिने क्रममा प्रवक्ता मनिष झाले भने, 'सिमरामा भएको घटना संवेदनशील छ । यसमा राष्ट्रिय स्वतन्त्र पार्टीको गम्भीर सरोकार र सरकारको आवश्यक ध्यानाकर्षण माग गर्दछौं ।'

तनावपूर्ण घटनाबीच एमालेनिकट युवा संघको सभा भएको छ । पूर्वसांसदहरू किसान श्रेष्ठ, लिलानाथ श्रेष्ठ र युवा संघका केन्द्रीय अध्यक्ष क्षितिज थेबेलगायतले भेलालाई सम्बोधन अवरोध प्रयासको भर्त्सना गरे ।

घटनाको विरोध गर्दै कांग्रेस महामन्त्री विश्वप्रकाश शर्माले निषेधको राजनीति नगर्न आग्रह गरेका छन् । एमाले नेताहरूलाई रोक्ने जेन-जी पुस्ताको भावना नभएर दुरूपयोग भएको टिप्पणी गरे । 'सामाजिक सञ्जाल निषेधविरुद्ध उभिने जेन-जी कसैको समाज भ्रमण अधिकारविरुद्ध उभिन सक्दैनन् । शर्माले सामाजिक सञ्जाल एक्समा लेखेका छन्, 'अतः सिमरा घटना जेन-जी भावना होइन, त्यसको दुरूपयोग हो । निषेधको राजनीति कसैले नगरौं ।'

■■■

## सिमरामा...

प्रतिबद्धता भएको उनले उल्लेख गरेकी छन् । तर यसको अर्थ सार्वजनिक सम्पत्तिको क्षति, विमानस्थलमा अवरोध वा कानुन हातमा लिने छुट नभएको उनले स्पष्ट पारिन् ।

'मैले गृह प्रशासन र सुरक्षा निकायलाई शान्ति तथा सुव्यवस्था कायम गर्न, सबै राजनीतिक दलका नेताहरूको सुरक्षित आवागमन सुनिश्चित गर्न र निर्वाचनको निष्पक्ष तथा भयमुक्त वातावरण बनाउन उच्च संयम र पूर्ण तयारीका साथ काम गर्न निर्देशन दिएको छु,' उनले भनेकी छन्, 'लोकतान्त्रिक प्रणालीको माध्यमबाट मात्रै युवाहरूको वास्तविक अपेक्षा पूरा गर्न सकिन्छ । त्यसैले म सबै पक्षलाई अवाञ्छित राजनीतिक उत्तेजनाबाट टाढा रहन र लोकतान्त्रिक प्रक्रियामा विश्वास राख्न हार्दिक अपिल गर्दछु ।'

■■■

## निर्वाचनका...

छलफलको क्रममा कार्कीले जेन-जी विद्रोहमा देखिएको सडकको आक्रोशलाई अध्यादेशमार्फत निर्वाचन कानुनमा सुधार ल्याएर सम्बोधन गर्ने धारणा राखेकी थिइन् ।

### दलहरु सशंकित

नेकपा एमालेबाट उपमहासचिव प्रदीप ज्ञवाली बैठकमा सहभागी थिए । बैठकमा ज्ञवालीले सरकारले निर्वाचनका लागि अनुकूल वातावरण बनाउन नसकेको बताएका थिए । अन्दोलनका क्रममा लुटिएका हतियार फेला नपरेको र फरार कैदी पक्राउ नपरेको अवस्थामा निर्वाचनका लागि शान्तिसुरक्षाको जोखिम हुने आशंका ज्ञवालीको थियो ।

बैठकपछि सञ्चारकर्मीसँग कुराकानी गर्दै ज्ञवालीले एमालेलाई सरकारले मन नपराएको र मन नपराउनेलाई जसरी हेर्न पनि सकिने बताए । 'सरकारले बोलायो । हामी आयौं तर यो संविधानअनुसार बनेको सरकार त होइन नि त । हामीले प्रधानमन्त्रीसँग यही कुरा राखेका छौं । तर मन नपराउनेहरूलाई भड्काउपूर्ण रूपले हेर्ने नै भए,' ज्ञवालीले भने ।

धारणा राखेपछि प्रधानमन्त्रीको जवाफ नपर्खी ज्ञवाली निस्केका थिए । नेपाली कांग्रेसका प्रवक्ता डा. प्रकाशशरण महतले पनि सरकारले निर्वाचनको वातावरण बनाउन नसकेको धारणा राखेका थिए । 'कांग्रेस निर्वाचनमा जान पूर्णरूपमा तयार भए पनि सरकारले विश्वाससिलो वातावरण बनाउन सकेन,' महतले भने । निर्वाचनका लागि आवश्यक आधारभूत तयारी नै नभएको महतको तर्क थिए ।

नेपाली कम्युनिस्ट पार्टीबाट सहभागी भएका वर्षमान पुनले दलहरूलाई विश्वासमा लिएर निर्वाचनमा सकिने धारणा राखेका थिए । बैठकमा सहभागी राष्ट्रिय स्वतन्त्र पार्टी (रास्वपा)का गणेश पराजुलीले भने आफूहरू निर्वाचनमा जान तयार भएको धारणा राखेका थिए । शीर्ष भनिएका दलले हतियारको डर देखाएर निर्वाचन भाँड्न लागेको पराजुलीको भनाइ थियो । 'शीर्ष दल चुनावबाट भाग्ने प्रपञ्च रचिरहेका छन् । हतियारको डर देखाएको छ । हामीचाहिँ निर्वाचनमा होमिएका छौं । निर्वाचन नभए लोकतन्त्र खतरामा पर्छ,' पराजुलीले भने ।

साना दलहरूले निर्वाचनको निष्पक्षतामाथि प्रश्न उठाएका थिए । प्रधानमन्त्री कार्कीले १२५ दललाई निम्ता दिइएको ११० दलको उपस्थिति भएको र बुधबार ५६ जनाले धारणा राखे ।

### देश नयाँ पुस्ताको हातमा जाओस्ः प्रम कार्की

प्रधानमन्त्री कार्कीले निर्वाचनको वातावरण भइसकेको र कोही भिजन भएको व्यक्तिले देश सम्हालोस् भन्ने मनसाय आफ्नो रहेको बताइन् । दलका प्रतिनिधिले धारण राखिसकेपछि कार्कीले भनिन्, 'हामी चाहन्छौं नयाँ पुस्ताको हातमा जाओस् यो देश । केही भिजन भएको मान्छेले सम्हालिदेओस् यो देश ।'

आफूलाई पनि निर्वाचनमा होमिन सुझाव आएको उल्लेख गर्दै कार्कीले आफू परिस्थितिले निर्वाचन गराउन आएको बताइन् । 'मलाई झापामा चुनाव लड्न आऊ भनेको पनि सुनेको छु । म चुनाव लड्दिनँ । चुनाव लड्न आएको पनि होइन,' कार्कीले भनिन् । उनले निर्वाचनको ६० प्रतिशत तयारी पूरा भइसकेको र चुनाव हुनेमा ढुक्क रहेको बताइन् ।

## मोटरसाईकल हरायो

मिति २०८२/०७/२४ गते बेलुकी ६:०० बजेको समयमा सूर्यदर्शन हाईट, ढलमल टोखा न.पा. वडा नं. ३ घर अगाडि पार्किङ गरी राखेको बागमती प्रदेश ०२-०४२ प ५८९९ न. को कालो रङको Pulsar 220cc को मोटरसाइकल हराएको हुँदा देख्नु हुने महानुभावले नजिकको प्रहरी कार्यालय वा निम्न नम्बरमा सम्पर्क गरिदिनुहुन अनुरोध गर्दछु ।

**सवारी धनी** : **रामचन्द्र थापा**
**ईन्जिन नं.** : DKXCMH30862
**च्यासिस नं.** : MD2AL3EX3MCJ96605
**सम्पर्क नं.** : **९८५१२८२९७०**

## सच्याइएको

यस प्रभाव दैनिकको वर्ष १२ अंक १९५ कात्तिक २९ गते २०८२ मा प्रकाशित JOB SEEKER MANPOWER PVT.LTD को Lot No. 333706 को कम्पनीको नाम LULU CLEANING & MAINTENANCE CO. L.L.C हुनुपर्नेमा अन्यथा हुन गएकोले सच्याइएको व्यहोरा अनुरोध छ ।

JOB SEEKER MANPOWER Pvt. Ltd.
Tokha-11, Kathmandu, Nepal. Tel : +977-4390133, 4355356, 4355356,
E-mail : info@jobseekermanpower.com.np, Website :www.jobseekermanpower.com.np
श्रम ईजाजत नं. १००९/०६८/६९


## साउदीमा रोजगार

कम्पनी : LULU CLEANING & MAINTENANCE CO. L.L.C

पूर्व स्वीकृति मिति : २०८२/०७/२८ LT. No. 333706 चलानी नं. ६०२४७३६७

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव SR | मासिक तलव ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Helper/ordinary Labourer/loading & Unloading Worker | 50 | 0 | 1000 | ३७,८११ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |
| 2 | Oridinary Labourer (Shelf Stacker) | 20 | 0 | 1200 | ४५,३७४ | | | | | | | |
| 3 | Packing & Packaging Worker | 36 | 0 | 1200 | ४५,३७४ | | | | | | | |

अन्तरवार्ता हुने स्थानः संस्थाको कार्यालय काठमाडौंमा मितिः २०८२ मंसिर ६ गते (22nd Nov. 2025) मा हुनेछ ।

नोट : लट नं ३३३७०६ को विज्ञापन मिति २०८२ कार्तिक २९ गते प्रकाशन भइसकेकोमा कम्पनीको नाम र कामदारको पदमा अन्यथा हुन गएकोले आज सच्याएर पुनः प्रकाशन गरिएको व्यहोरा अनुरोध छ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिने | स्वदेशमा गरिने बिमा खर्च कसले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | सामाजिक सुरक्षा कोष कसले दिने र कति लाग्ने (एसएसएफ) | कल्याणकारी कोष सम्बन्धि व्यवस्थाः | सेवा शुल्क | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैले | हुने/रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु २५९५/- कामदारले तिर्ने | रु. १,५००/- कामदार आफैंले | निःशुल्क | रु.७००/- कामदार आफैले | रोजगारदाता कम्पनीले |

वैदेशिक रोजगार विभागबाट गराइएको जानकारीः १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षर गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा वैदेशिक रोजगार विभाग ताहाचलमा सम्पर्क राख्नुहोला ।

JOB SEEKER MANPOWER Pvt. Ltd.
Tokha-11, Kathmandu, Nepal. Tel : +977-4390133, 4355356, 4355356,
E-mail : info@jobseekermanpower.com.np, Website :www.jobseekermanpower.com.np
श्रम ईजाजत नं. १००९/०६८/६९

## साउदीमा रोजगार

कम्पनी :Hajar Salem Al-Rubaie Company

पूर्व स्वीकृति मिति : २०८२/०८/०१ LT. No. 333808 चलानी नं. ६०२४७५७८

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव SR | मासिक तलव ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Lording Labors | 8 | 0 | 1000 | ३७,७६० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

अन्तरवार्ता हुने स्थानः संस्थाको कार्यालय काठमाडौंमा मितिः २०८२ मंसिर ११ गते (27th Nov. 2025) मा हुनेछ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिने | स्वदेशमा गरिने बिमा खर्च कसले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | सामाजिक सुरक्षा कोष कसले दिने र कति लाग्ने (एसएसएफ) | कल्याणकारी कोष सम्बन्धि व्यवस्थाः | सेवा शुल्क | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैले | हुने/रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु २५९५/- कामदारले तिर्ने | रु. १,५००/- कामदार आफैंले | १०,००० | रु.१५००/- कामदार आफैले | रोजगारदाता कम्पनीले |

वैदेशिक रोजगार विभागबाट गराइएको जानकारीः १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षर गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा वैदेशिक रोजगार विभाग ताहाचलमा सम्पर्क राख्नुहोला ।

SYNNET INTERNATIONAL PVT.LTD.
Jagaran Marga, Maharajgunj, Kathmandu, Nepal, Tel: 01- 5445018, Mob: 9841591817
E-mail : info@synnetinternational.com, Web: synnetinternational.com
ISO 9001: 2008 Certified Company Certified No. 70902

## कुवेतमा रोजगार

कम्पनी : MAGIC HAND COMPANY FOR HEALTH INSTITUTES/ SARAH RASHID AL-AZMI AND HER PARTNER

पूर्व स्वीकृति मिति : २०८२/०८/०३ LT. No. 333935 चलानी नं. ६०२४७५७९

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव KD | मासिक तलव ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Masseurs | 6 | 0 | 155 | ७१,५१५ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

अन्तरवार्ता हुने स्थानः संस्थाको कार्यालय काठमाडौंमा मितिः २०८२ मंसिर ११ गते (27th Nov. 2025) मा हुनेछ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिने | स्वदेशमा गरिने बिमा खर्च कसले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | सामाजिक सुरक्षा कोष कसले दिने र कति लाग्ने (एसएसएफ) | कल्याणकारी कोष सम्बन्धि व्यवस्थाः | सेवा शुल्क | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैले | हुने/रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु २५९५/- कामदारले तिर्ने | रु. १,५००/- कामदार आफैंले | १०,००० | रु.७००/- कामदार आफैले | रोजगारदाता कम्पनीले |

वैदेशिक रोजगार विभागबाट गराइएको जानकारीः १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षर गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा वैदेशिक रोजगार विभाग ताहाचलमा सम्पर्क राख्नुहोला ।

Saudi Nepal Recruitment Agency Pvt.Ltd.
श्रम ईजाजत नं. ७९७/०६५/०६६
Ganesh Basti, Maharajgunj 04, Kathmandu, Nepal, Tel.+977-01-4720350, 4720849, 5908112, E-mail:info@saudinepal.comWebsite :www.saudinepal.com


## नोवल बहुउद्देश्यीय सहकारी संस्था लि.

**मानभवन, ललितपुर, ०१-५००८२४५, ५४२८०१९**

## कर्जा तिर्न आउने बारे ३५ दिने अत्यन्त जरुरी सूचना

**प्रकाशित मिति २०८२/०८/०४ गते**

यस संस्थाबाट व्यवसायिक उद्देश्यले तपसिलमा उल्लेखित सदस्यहरूले ऋण कर्जा लिनु भएकोमा उक्त ऋण कर्जा लिंदा संस्थासँग भए गरेका ऋण सम्झौता, शर्त कबुलियतनामा बमोजिम लिखतको भाकाभित्र तिर्नु बुझाउनुपर्ने साँवा, व्याज लगायत अन्य दस्तुर नतिरी नबुझाई संस्थासंग भए गरेका सम्झौता उलंघन गर्नु भएकोले संस्थाको सम्पूर्ण लेना रकम चुक्ता भुक्तान गर्न पटक-पटक लिखित तथा मौखिकरूपमा तरताकेता गरिएकोमा आजको मिति सम्म कर्जा रकम चुक्ता नगर्नु भएकोले यो सूचना प्रकाशित गरिएको छ । सूचना प्रकाशित भएको मितिले ३५ दिनभित्र संस्थालाई तिर्नु, बुझाउनुपर्ने रकम तिर्न, बुझाउन सम्बन्धित ऋणी, जमानीकर्ता एवं सम्बद्ध सबैलाई यसै सूचनाद्धारा जानकारी गराइन्छ । अन्यथा सहकारी ऐन, नियमावली बमोजिम असुल उपर गरिने ब्यहोरा ऋणि तथा जमानीकताहरूलाई जानकारी गराइन्छ ।

| | | | |
|---|---|---|---|
| **ऋणिको नाम : श्री महेश कुमार बजगाई (बर्ष ४२)**<br>ना.प्र.नं. ३०/६९७९१ काभ्रेपलाञ्चोक<br>बाबुको नाम : शिद्ध बहादुर बजगाई<br>बाजेको नाम : तेज बहादुर बजगाई<br>ठेगाना : होक्से गा.बि.स.वडा नं. ६ काभ्रे हाल, का.म.न.पा. ०७, चावहिल |  | **जमानीकर्ता**<br>१. दुर्गा राई (बजगाई) बर्ष ५१<br>ना.प्र.नं. १०१६३/१३१६५ सुनसरी<br>बाबुको नाम : हर्क बहादुर राई<br>धरान न.पा.वडा नं.१५, सुनसरी |  |
| **कृष्ण कुमार लिम्वु (ना.प्र.नं. ७७५, पाँचथर)**<br>बाजे : खड्क प्रसाद लिम्वु<br>बुवा : दिल बहादुर लिम्वु<br>पंचमी-०१, पाँचथर<br>हात्तिगौंडा-०४, काठमाडौं |  | | |
| **सविन कुमार मावो (ना.प्र.नं. ८६१३/१३१५)**<br>बाजे : छवीलाल मावो<br>बुवा : भगवती बहादुर मावो<br>थर्पु -२, पाँचथर हाल का.म.न.पा.वडा नं. ०७, खड्क भद्रकाली |  | | |
| **भगवान तामाङ (ना.प्र.नं. ५०७४२, काभ्रेपलाञ्चोक)**<br>बाजे : सिँह बहादुर तामाङ<br>बाबु : कृष्ण तामाङ दोलालघाट-८, काभ्रे हाल, का.म.न.पा.वडा नं. १५, स्वयम्भु |  | | |
| **देवी प्रसाद काफ्ले (ना.प्र.नं. ८८०, पाँचथर)**<br>बाजे : दधिराम काफ्ले<br>बाबु : राम प्रसाद काफ्ले<br>नागिन वडा नं. ०६, पाँचथर<br>का.म.न.पा. १०, काठमाण्डौं |  | | |
| **गीता दहाल**<br>ससुरा : निलमणि दहाल<br>श्रीमान : छविलाल दहाल<br>जोरपाटी-३, काठमाडौं | | | |
| **राजेन्द्र दाहाल (ना.प्र.नं. १२०३७, काठमाडौं)**<br>बाजेको नाम :- मोतिलाल दहाल<br>बाबुको नाम :- नीलमणि दहाल<br>ठेगाना :- जोरपाटी -३, हाल बौद्ध-६, सिमलटार, काठमाडौं । |  | | |

# Sindhu Jwala Hydropower Limited

**Upper Nyasem Khola Hydroelectric Project (43 Mw)/ Upper Nyasem Khola-A Hydroelectric Project (21 Mw)**

## Invitation For Bids

**Invitation for Bids for the "the Lot 2: Hydromechanical Works"**
**Design, Manufacture, Supply, (From Factory to Project Site), Internal Handling. Loading, Unloading, Storage, Laying, Erection, Testing, and Commissioning of Hydromechanical Works with Painting all complete Package**
**(Contract Identification No.: SJHL/UNKHEP/081/082/L-2HM-01)**
**(Latest date of Publication of Notice: 2025/11/20)**

1. Sindhu Jwala Hydropower Limited (SJHL), the "Employer", is a Company promoted by various experts and well reputed personalities of Nepalese power sector. SJHL is currently in the process of developing a ROR hydropower project called Upper Nyasem Khola Hydroelectric Project (UNKHP) of installed capacity 43 MW and Upper Nyasem Khola-A Hydroelectric Project (UNK-AHP) of installed capacity 21 MW at Nyasem river of Sindhupalchowk district. It is intended that the part of the proceeds of these resources will be applied to eligible payments under the contract for which this Invitation to Tender is issued.
2. Information to deposit the cost of the bidding document in the Bank:
   Cost of Bidding Documents: NRs. 10,000/- (Rupees Ten thousand only).
   Name of the Bank: Prabhu Bank, Sindhu Jwala Hydropower Limited,
3. Last Date and Time for Submission of Bidding Documents: 16th day of First Notice Publication till on 12:00 hours
4. Sindhu Jwala Hydropower Limited invites sealed bids from eligible bidders for the Lot 2: Hydromechanical Works (Design, Manufacture, Supply, (From Factory to Project Site), Internal Handling. Loading, Unloading, Storage, Laying, Erection, Testing, and Commissioning of Hydromechanical Works with Painting all complete Package), Contract Identification No.: SJHL/UNKHEP/081/082/L-2HM-01, through Plant and Design-Build (DB) mode under International Competitive Bidding – Single Stage Two Envelope Bidding procedures.
   Only eligible bidders with the following key qualifications should participate in this bidding:
   Minimum Work experience of similar size and nature:
   Participation as Prime contractor or joint venture partner, in at least one EPC/Turnkey/DB Contract within the last ten (10) years, with a value of at least equivalent US $ 20,200,000.00 (In Words: USD Twenty Million and Two Hundred Thousand Only) that have been successfully or are substantially completed and that are similar to the proposed works. The similarity shall be based on the physical size, complexity, methods, technology or other characteristics as described in Section VI, Employer's Requirements.
   Complete design and manufacture inhouse (must have facility of hydraulic model testing and CFD modeling for penstock pipes), supply, erection, testing and commissioning of Hydro Project including:
   i. The Contractor/supplier must have proven track record in supplying/installing penstocks of large-diameter, thick-walled penstock, high-yield strength steel (e.g., X80 or high-strength steel) modular fabrication for high-head (≥ 800m) hydro projects that has been in successful operation for at least two (2) years as of bid submission deadline.
   ii. The Contractor/supplier must demonstrate proven experience in similar projects and adhere to international standards to ensure long-term reliability.
   iii. Complete design, manufacture, supply, erection, testing and commissioning of one (1) Hydro Plant of high-head (≥ 800m) hydro project and of similar project that has been in successful operation for at least two (2) years as of bid submission deadline.1
5. Lot 2: Hydromechanical Works (Design, Manufacture, Supply, (From Factory to Project Site), Internal Handling. Loading, Unloading, Storage, Laying, Erection, Testing, and Commissioning of Hydromechanical Works with Painting all complete Package) must be of International Standard Manufacturer and Deferred payment modality.
6. Minimum Average Annual Construction Turnover of the best 3 years within the last 10 fiscal years: US $ 50,300,000.00
7. The amount of Bank Guarantee may be subject to increase or decrease as per the decision of the Board of Directors.Able to demonstrate adequate Manpower and Equipment to be used for the Project.
8. Bid Proposal including financial and technical proposal shall be sealed in separate envelopes marking "Financial proposal" & "Technical proposal" respectively in each and submitted to Sindhu Jwala Hydropower Limited, Kathmandu, Nepal on date and time mentioned in table above. One (1) set of original and one (1) set of duplicate bid document (of each technical and financial) shall be submitted.
9. Bids shall be opened as mentioned in the table above at the office of Sindhu Jwala Hydropower Limited, Kathmandu, Nepal in the presence of Bidders' representatives, if any. The technical proposal will be opened first and financial proposal of only those bidders will be opened whose technical proposal will qualify. Bids must be valid for a period of 120 days counting from the day of Bid opening and must be accompanied by Bid security, amounting to 4 crore of bidding amount (NRS) which shall be valid for minimum 15 days beyond the Bid validity period in favor of Sindhu Jwala Hydropower Limited.
10. If any information/data provided in the Submitted Bid is unclear, illegible or not substantiated by supporting document, such information/data shall not be taken into account for qualification.
11. If the last date of Bid submission/opening falls on a Government holiday, the same time of next working day shall be considered for such events.
12. Pre-bid meeting will be held at 14:00 hours on 2025/11/30 at Employer's office in Tinkune-32, Kathmandu. Attendance is strongly advised to all the qualified bidders.
13. SJHL reserves the right to accept or reject any Bid, partly or wholly, or cancel the Bid altogether, at any time prior to Contract award, without thereby incurring any liability to the affected Bidder or Bidders and without assigning any reason whatsoever.
14. Eligible Bidders may obtain further information at the office of Sindhu Jwala Hydropower Limited, Tinkune-32, Kathmandu, Nepal.

**Address:**
**Sindhu Jwala Hydropower Limited**
Tinkune-32, Kathmandu, Phone: 01-4245184
E-mail: sindhujwalahydropower@gmail.com, info@sindhuhydro.com

# म्यानमारमा ठगीमा परेका ३७ नेपाली स्वदेश फर्काइए

**काठमाडौं (प्रस)–** आकर्षक रोजगारीको प्रलोभनमा परी म्यानमारमा ठगिएका ३७ नेपाली नागरिकलाई बुधबार थाइल्याण्डबाट स्वदेश फर्काइएको छ । विभिन्न माध्यमबाट म्यानमारमा पुगी त्यहाँ अवैधरूपमा सञ्चालन भएका 'अनलाइन स्क्यामिङ' केन्द्रमा विभिन्न 'अनलाइन डेटिङ', 'अनलाइन क्यासिनो', 'गेमिङ' तथा 'फिसिङ', 'क्रिप्टो' ठगीलगायतका काममा लगाइएका र स्क्यामिङ केन्द्रमा म्यानमार सुरक्षाकर्मीको छापा परेपछि भागेर थाइल्याण्ड प्रवेश गरेका उनीहरूलाई स्वदेश फर्काइएको हो ।

नेपाली राजदूतावासले थाइल्याण्डका सम्बन्धित निकायको समन्वय र सहयोगमा उद्धार गरी बुधबार नेपाल एयरलाइन्सको उडान नं आरए-४०२ मार्फत नेपाल फर्काएको हो । म्यानमारको म्यावडीमा रहेका थप २३ जना, थाइल्याण्डको मेसोटमा रहेका दुई जना तथा कम्बोडियामा रहेका चार जना नेपालीलाई यथाशीघ्र नेपाल फर्काउने गरी म्यानमार, कम्बोडिया तथा थाइल्याण्डका सम्बन्धित निकायसँग समन्वय भइरहेको दूतावासले जनाएको छ ।

पृष्ठ १ बाट क्रमश:

## सरकारी...

कति समयदेखि प्रतीक्षामा हुनुभएका कामदारहरू जान पाउने वातावरण भयो । खुसी व्यक्त गर्नुभएको छ साथीहरूले,' खत्रीले भने ।

यद्यपि, युएई खुल्नमा सरकारले भने पहल नगरेको उनले बताए । त्यहाँका रोजगारदाताको आवश्यकताका कारण खुलेको उनको भनाइ छ । 'रोजगारदाताको आवश्यकताका कारण खुलेको हो । उनीहरूको ठूलो स्रोत मुलुक बंगलादेश हो तर अहिले बंगलादेश बन्द छ,' खत्रीले भने, 'त्यसपछिको ठूलो स्रोत नेपाल हो । युएईमा कम्पनीहरूले पनि दबाब दिएको पाइयो । त्यो आन्तरिक बाध्यताले खुलाउन थालेको पाइन्छ ।'

भिसा एप्लाई गर्ने सिस्टममा नेपाल भनेर नआइरहेको अवस्थामा अब भने देखाउन थालेकाले यसलाई खुल्ने संकेतमा रूपमा आफूहरूले लिएको वैदेशिक रोजगार व्यवसायी एकता समितिका अध्यक्ष हरिबहादुर पाण्डेले बताए । 'प्राइभेट कम्पनीले कागजातहरू मागिरहेका छन् । हामीले पठाउन थालेका छौं । निजीले पनि चासो दिन थालेका छन्,' पाण्डेले भने ।

युएई नेपाली युवाहरूको प्रमुख रोजाइको श्रम गन्तव्य बन्दै आएको छ । प्रत्येक महिना १५ हजारभन्दा बढी युवा संस्थागत माध्यमबाट युएई जाँदै आएकोमा युएई बन्द भएयता असोज महिनामा सात हजार २३७ र कात्तिकमा २६५ जनामात्र गएका थिए । गत आर्थिक वर्ष २०८१/८२ मा सबैभन्दा धेरै दुई लाख ७४ हजार ५९० जना रोजगारीका लागि युएई गएका थिए । त्यस्तै ०८०/८१ मा एक लाख ९३ हजार ४३८ जना गएका थिए ।

■■■

## सिंहदरबारभित्रै....

मन्त्रालयका सचिव डा. विकास देवकोटाले नेपालको स्वास्थ्य क्षेत्रको विकास, विस्तार र गुणस्तरीय सेवा प्रदान गर्ने सिलसिलामा निरन्तर सहयोग पुर्‍याएकामा सरकारकातर्फबाट डब्लुएचओलाई धन्यवाद ज्ञापन गरे ।

डब्लुएचओका क्षेत्रीय कार्यालयकी कार्यवाहक प्रमुख डा. बोहेमले हालैका वर्षमा नेपालले भूकम्प, बाढी, पहिरो, राजनीतिक अशान्ति र अन्य अवरोधका शृंखलाको सामना गरिरहेको स्मरण गर्दै नवनिर्मित भवन स्वास्थ्य तथा जनसंख्या मन्त्रालयलाई हस्तान्तरण गर्न पाउँदा खुसी लागेको बताइन् । उनले भनिन्, 'यस्ता भवन भौतिक संरचनामात्र होइनन्, सहयोग, मित्रता र साझेदारीको प्रतीक हो । यस्ता भवनले समस्या परेको समयमा पनि महत्त्वपूर्ण कार्यमा सहज तुल्याउँछन् ।'

विगतका घटनाले स्वास्थ्य प्रणाली कुनै पनि समयमा अवरोध हुन सक्ने विषयसँगै तयारीका लागि सजग गराएको बताइन् । डा. बोहेमले भनिन्, 'तयारी आकांक्षा होइन, आवश्यकता हो । साधारण र सजिलो पूर्वाधार आपत्कालीन प्रतिक्रियाको मेरुदण्ड हो । नवनिर्मित भवनले संकटका बेलामा तयारीको आवश्यकतालाई चित्रण गर्छ ।'

वि.सं. २०१५ को भूकम्पपछि डब्लुएचओ र मन्त्रालयले हजारौं नागरिकको तत्कालीन स्वास्थ्य सेवा सुनिश्चित गर्दै स्वास्थ्य शिविर र औषधि उपलब्ध गराउन समन्वयमा काम गरेको स्मरण गर्दै डा. बोहेमले सहकार्यका साथ स्वास्थ्य आपत्कालीन तयारी र स्वास्थ्य संस्थाको क्षमतालाई बलियो बनाउन संगठनले सहयोग गर्ने विश्वास दिलाइन् ।

मन्त्रालयका प्रवक्ता डा. प्रकाश बुढाथोकीले सिंहदरबारभित्र नयाँ संसद् भवन बनेपछि हाल संसद् सचिवालयको भवन स्वास्थ्य मन्त्रालयको स्थायी संरचनाको रूपमा प्राप्त गर्ने सन्दर्भमा छलफल भइरहेको बताए । उनले नेपाल सरकारका सबै मन्त्रालय सिंहदरबारभित्र रहेका र स्वास्थ्य मन्त्रालयमात्रै बाहिर रहँदा सहकार्य र समन्वयमा केही अप्ठेरो हुँदै आएकामा अब त्यो अन्त्य हुने विश्वास व्यक्त गरे ।

### मोटरसाइकल हराएको सूचना

मिति २०८२।०७।०८ गते ललितपुर, धलाछे वडा नं.७ घर बाहिर पार्किङ गरिराखेको कालो रङ्को १६० सी.सी बजाज पल्सर मोटरसाइकल रातको अन्दाजी १:०० देखि २:०० बजेको समयमा हराएको हुँदा पाउनु हुने वा देख्नुहुने महानुभावहरूले नजिकैको प्रहरी कार्यालय वा तलको ठेगानामा सम्पर्क गरिदिनु हुन बिनम्र अनुरोध गर्दछु ।

**धनीको नाम : हुलास अटो क्राफ्ट प्रा.लि.**
**ऋणीको नामः सुदिप खड्का**
**बाइक नं.: बा.प्र. ०३-०५७ प ८४३९**
**च्यासिस नं.: MD2B54DX15CM89318**
**इन्जिन नं. : PDXCSM58849**
**ठेगाना : ललितपुर**
**सम्पर्क नं. ९७६३४३८६१८**

### मोटरसाइकल हराएको सूचना

मिति २०८२।०६।२८ गते का.जि.का.म.न.पा. वडा नं.१४, बल्खु स्थित पार्किङ गरिराखेको रातो/कालो रङ्को **220 cc Pulsar Bajaj** मोडल मोटरसाइकल रातको अन्दाजी ८:२५ बजेको समयमा हराएको हुँदा पाउनु हुने वा देख्नुहुने महानुभावहरूले नजिकैको प्रहरी कार्यालय वा तलको ठेगानामा सम्पर्क गरिदिनु हुन बिनम्र अनुरोध गर्दछु ।

**धनीको नाम : बिजय रुम्बा (तामाङ)**
**बाइक नं.: बा.प्र.३-०४३- प ६१७१**
**च्यासिस नं.: MD2A13EX8MCJ98978**
**इन्जिन नं. : DKXCMJ33287**
**ठेगाना : इन्द्रसरोवर गाउँपालिका ३, मकवानपुर**
**सम्पर्क नं. ९८४३६४८६०८/९८०९३६४९६३**

### दावी विरोध सम्बन्धी वैदेशिक रोजगार विभाग, काठमाडौंको सूचना

प्रकाशित मितिः २०८२/०८/०४

नेपाल सरकारबाट वैदेशिक रोजगार व्यवसाय संचालन गर्न ईजाजत प्राप्त श्री **Felicity International Employment Pvt. Ltd.** सञ्चालकहरू शेयरधनीहरूले आफ्नो नाममा कायम रहेको शेयरहरु दा.खा. नामसारी गरी पाउन कम्पनी (ई.पा।नं.226/058/59) को रजिष्ट्रारको कार्यालयका नाममा सहमतिको सिफारिश गरि दिन यस विभागमा निवेदन दिएको हुँदा माग तपसिल बमोजिमका वमोजिम शेयर हक हस्तान्तरण तथा नामसारीको सहमति दिंदा कोही कसैको हक स्वामित्व तथा लेनादेनामा असर पर्ने भए वा कसैलाई मर्का पर्ने भएमा यो सूचना प्रकाशित भएको मितिले १५ (पन्ध्र) दिन भित्र सबुद प्रमाण सहित वैदेशिक रोजगार विभागमा सम्पर्क गर्न आउनु हुन सम्बन्धित सबैको जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ । अन्यथा माग बमोजिम शेयर नामसारीको लागि सहमति भै जाने व्यहोरा समेत यसै सूचनाबाट जानकारी गराइन्छ ।

**तपसिल**

| साविक शेयरधनीहरुको नाम | अब कायम हुने शेयरधनीहरुको नाम |
|---|---|
| १. श्री लोक शंकर छन्त्याल (०१-१५०००) | १. श्री लोक शंकर छन्त्याल (०१-१००००) |
| २. श्री डम्बर बहादुर बुढा मगर (१५००१-२५०००) | २. श्री डम्बर बहादुर बुढा मगर (१५००१-२५०००) |
| ३. श्री रोहित दुलाल (२५००१-३००००) | ३. श्री रोहित दुलाल (२५००१-३५०००) |
| ४. श्री मान बहादुर ओली (३५००१-४५०००) | ४. श्री मान बहादुर ओली (३५००१-४५०००) |
| ५. श्री कोक बहादुर कामी (४५००१-५५०००) | ५. श्री कोक बहादुर कामी (४५००१-५५०००) |
| ६. श्री विमल कुमार जि.सि. (५५००१-६५०००) | ६. श्री विमल कुमार जि.सि. (५५००१-६५०००) |
| ७. श्री मन लाल पुन (६५००१-७५०००) | ७. श्री मन लाल पुन (६५००१-७५०००) |
| ८. श्री दिल बहादुर श्रेत्री (७५००१-८००००) | ८. श्री दिल बहादुर श्रेत्री (७५००१-८००००) |
| ९. श्री बल बहादुर बुढा (८०००१-८५०००) | ९. श्री राजेन्द्र सिंह ठगुन्ना (८०००१-८५०००) (१०००१-१५०००) |
| १०. श्री यमविर घर्ति मगर (८५००१-९००००) | १०. श्री यमविर घर्ति मगर (८५००१-९००००) |
| ११. श्री सुसन मानन्धर (९०००१-१०००००) | ११. श्री सुसन मानन्धर (९०००१-१०००००) |

## Barhabise Municipality
### Office of the Municipal Executive
Barhabise, Sindhupalchok

### Invitation for Bids

**Date of publication:** 2082/08/04 (20/Nov/2025

1. The Barhabise Municipality Office invites electronic bids from eligible bidders for the following Works under National compitative Bidding only eligible bidders should participate in this Bidding. procurement.

| S.N. | Contract ID | Name of Work | Bid Document Fee | Bid Security Amount NRs | Bid Capacity (NRs) | Bid Submission Last Date Time | Bid Opening Date & Time |
|---|---|---|---|---|---|---|---|
| 1 | BMP/NC-B/W/1/2082/2083 | Construction work of Vhugdeuthan Temple infrastructure construction Ba.na.pa 3 | 5,000.00 | 690000.00 | 16600000.00 | 2082/09/06 or 2025/December/21 12:00hrs | 2082/09/06 or 2025/December/21 13:00 hrs |

2. Eligible Bidders may obtain further information and inspect the bidding documents at the Barhabise Municipality, Barhabise Sindhupalchok, Telephone: 011489021, Email: dms.barhabisemun@gmail.com, or may visit PPMO e-GP System www.bolpatra.gov.np/egp.
3. Bidder may download the bidding documents for e-submission from PPMO's Web Site.Bidder should submit necessary experience document as for bid document.Office reserves the right to accept or reject any reasons whatesever,other termsand conditions not covered here will be in accoedance to PPA-063 and PPR 2064

**Chief Administrative Officer**

## ग्रामथान गाउँपालिका
### गाउँ कार्यपालिकाको कार्यालय
तेतरिया, मोरङ
कोशी प्रदेश, नेपाल

### गिटी र बालुवा उत्खनन् संकलन तथा बिक्री गर्ने कार्यको E-BID मात्र ठेक्का बन्दोबस्ती सम्बन्धी १५ दिने सूचना

**दोस्रो पटक प्रकाशित मितिः २०८२/०८/०४**

स्थानिय सरकार ऐन २०७४ को दफा ११ को उपदफा २ को खण्ड घ को (६) बमोजिम ग्रामथान गाउँपालिका, गाउँ कार्यपालिकाको कार्यालयले चुरे तथा वन क्षेत्र बाहेक गिटी र वालुवाको उत्खनन् संकलन तथा बिक्री शुल्क अशुली गर्न तपशिल बमोजिमको खोलाहरुबाट तोकिएको परिमाणमा ठेक्का बन्दोबस्त गर्नु परेकाले ईजाजत प्राप्त फर्म वा कम्पनीको दर्ता प्रमाणपत्रको प्रतिलिपि, नविकरण भएको दर्ता प्रमाणपत्रको प्रतिलिपि, मूल्य अभिबृद्धि कर तथा आ.व. २०८१/०८२ सम्मको कर चुक्ता प्रमाणित प्रतिलिपि प्रमाणपत्र पेश गरी ईजाजत प्राप्त इच्छुक फर्म वा कम्पनीहरुले तोकिएको अवधि भित्र तपशिल शर्तको अधिनमा रही विधुतिय बोलपत्र आह्वान गरिएको छ ।

**तपशिल**

| सि. नं. | ठेक्का नं. | ठेक्काको नाम | उठाउने क्षेत्र | उत्खनन् योग्य परिमाण (घन फिट) | न्युनतम ठेक्का अंक रू. (भ्याट बाहेक) | बोलपत्र फारम दस्तुर रू. | बोलपत्र जमानत |
|---|---|---|---|---|---|---|---|
| १. | G.R/NCB/ Internal/06-082-083 | लोहान्द्रा खोलाको गिटीर वालुवा उत्खनन् संकलन तथा बिक्री कार्य | ग्रामथान गा.पा. लोहन्द्रा खोलाको संयुक्त IEE मा तोकिएका नाकाहरु | १५,२५,२७५.४४ | १,२२,०२,२०३.५२ | ३०००।- | कवोल अंक (भ्याट सहित) को ०५% |

- **नदीजन्य पदार्थ (ढुङ्गा,गिटीरमिक्स गिटीरबालुवा आदि) को दर प्रति क्यु. फिट (भ्याट बाहेक) रु..८।००**

**शर्तहरु**

१. बोलपत्र फारम दस्तुरको लागि रू. ३०००।०० (तीन हजार) मात्रको यस कार्यालयको एन.आई.सी. एसिया बैंक पुष्पलालचौक शाखाको आन्तरिक राजश्व खाता नं. ९६९२०५०००५८३६००७ मा दाखिला गरि PPMO को बेभसाईट https://bolpatra.gov.np/egp मार्फत सूचना प्रकाशन भएको मितिले १५ दिनभित्र बोलपत्र फारम https://bolpatra.gov.np/egp बाट डाउनलोड गर्न सकिने छ ।
२. मिति २०८२/०८/१९ दिनको ११:०० बजे सम्म अनिवार्य बोलपत्र फारम Online बोलपत्र दर्ता गराउनु पर्नेछ ।
३. मिति २०८२/०८/१९ दिनको १२:०० बजे कार्यालयका प्रतिनिधिहरु र बोलपत्रदाताहरुको प्रतिनिधिको रोहवरमा खोलिनेछ र बोलपत्र खोल्ने समयमा बोलपत्रदाताको प्रतिनिधि उपस्थित नभए पनि बोलपत्र खोल्न कुनै बाधा हुने छैन ।
४. बोलपत्र जमानत रकम बापत वोलपत्रदाताको कवोल अंक (भ्याट सहित)को ५% रकम, ग्रामथान गाउँपालिकाको नाममा रहेको एन.आई.सी. एसिया बैंक पुष्पलालचौक शाखाको धरौटी खाता नं. ६९४१०००५८३६५२४०३ धरौटी खातामा जम्मा गरेको भौचर वा "क" वर्गको बैंकले यस कार्यालयको नाममा बोलपत्र नं. र नाममा जारी गरेको कम्तिमा १२० दिन सम्म म्याद भएको रितपूर्वकको बैंक जमानत पत्र (बिड बण्ड) साथै बोलपत्रदाताले फर्म वा कम्पनी दर्ता प्रमाण पत्रको प्रतिलिपि नविकरण भएको दर्ता प्रमाणपत्रको प्रतिलिपि, मूल्य अभिबृद्धि कर दर्ता प्रमाण पत्र, आ.व. २०८१/०८२ सम्मको कर तिरेको प्रमाणित प्रतिलिपि र स्वघोषण पत्र साथै ठेक्का जमानत पत्र र अन्य आवश्यक सम्पूर्ण कागजात Scan Copy अनिवार्य रुपमा अपलोड गर्नङ्ख पर्नेछ ।
५. शिलबन्दी बोलपत्र दाखिला गर्ने अन्तिम दिन वा बोलपत्र खोलिने दिन बिदा परेमा सोको भोलिपल्ट कार्यालय खुलेको दिन बोलपत्र खोलिनेछ ।
६. बोलपत्र स्वीकृत पश्चात पत्र बुझेको १५ दिनभित्र सम्झौता गर्न नआएमा धरौटी रकम जफत हुनेछ र नियमानुसार कार्वाही गरिनेछ ।
७. बोलपत्र दाताले सम्झौता समयमा कबोल गरेको ठेक्का अंकको भ्याट समेत २५% रकम सम्झौता गर्दाको बखत बुझाउनु पर्ने साथै बाकी ७५ % रकमको बैंक ग्यारेन्टी पेश गरेपछि मात्र सम्झौता गरिनेछ । बोलपत्रदाताले कबोल गरेको रमक एकमुष्ठ बुझाएमा भ्याट बाहेकको रकममा १०% छुट दिन सकिनेछ।
८. ठेक्काको अवधि सम्झौता अवधि देखि २०८३ जेष्ठ मसान्त सम्मको लागि मात्र हुनेछ । यदि तोकिएको अवधि भन्दा पहिले तोकिएको परिमाण उत्खनन् भएको खण्डमा थप उत्खनन् गर्न रोक लगाइनेछ ।
९. ठेक्का सम्झौता भइसके पछि कुनै बन्द हडताल वा कुनै कारणबाट ठेक्का रकममा कुनै प्रकारको छुट मिनाहा माफी दिइने छैन ।
१०. नदीजन्य पदार्थ उत्खनन् संकलन तथा बिक्री शुल्क प्रदेश सरकारले तोके बमोजिमको दरले संकलन गर्न पर्नेछ ।
११. यस कार्यालयले निर्धारण गरेको दररेट भन्दा बढी असुल गरेमा नियमानुसार कार्वाही गरि ठेक्का रद हुन सक्नेछ ।
१२. बोलपत्रदाताले ठेक्का भोगचलन गर्दा यस कार्यालयको निर्देशन र सम्झौतामा उल्लेखित शर्त बमोजिम काम गर्न पर्नेछ ।
१३. बोलपत्र स्वीकृत गर्ने वा नगर्ने सम्पूर्ण अधिकार यस गाउँपालिकामा निहित रहनेछ साथै सार्वजनिक हितका लागि कुनै पनि निर्णय गर्ने अधिकार यस कार्यालयमा रहनेछ ।
१४. बोलपत्रदाता तथा गाउँपालिका बिच कुनै किसिमको मत भिन्नता भएमा गाउँपालिकाको निर्णयलाई अन्तिम मानिनेछ ।
१५. यो सूचनामा उल्लेख नभएका कुराहरुको हकमा नेपालको प्रचलित कानुन बमोजिम हुनेछ ।
१६. नदी वा खोला उत्खनन् तथा संकलन गर्न गाउँपालिकाको पूर्व अनुमति लिएर मात्र हेभि इक्युपमेन्ट प्रयोग गर्न पाइनेछ ।
१७. नदी जन्य पदार्थ बिक्री शुल्क तथा प्राकृतिक धारा किनारा घाट कुल कुलेशा, लोकमार्ग तथा सार्वजनिक स्थललाई क्षति नपुग्ने गरि IEE ले तोके बमोजिम मात्र ढुङ्गा गिटी र बालुवा उठाउन पाउने छ ।
१८. नदिजन्य पदार्थ उत्खनन् गर्दा नदी नालाको पुल (पक्की) को हकमा तल तिर १ किमी र माथि तिर ५०० मिटर सम्म नदीजन्य पदार्थ उठाउन पाइने छैन ।
१९. प्रारम्भिक वातावरणिय प्रतिवेदनमा उल्लेख भएको शर्तको अधिनमा रही नदिजन्य पदार्थ उत्खनन् संकलन गर्नङ्ख पर्नेछ साथै यस कार्यालयबाट गरेको प्रारम्भिक वातावरणिय प्रतिवेदन यस बोलपत्रको अभिन्न अंग हुनेछ ।
२०. बोलपत्र कागजातमा वा बोलपत्र सुचनामा कुनै फरक पर्न गएमा सच्याउने अधिकार यस कार्यालयमा निहित रहनेछ ।
२१. ठेक्का तथा बिड डकुमेन्ट सम्बन्धी अन्य जानकारीको लागि बोलपत्र दाताले https://bolpatra.gov.np/egp मार्फत जानकारी प्राप्त गर्न सक्नेछ ।
२२. सार्वजनिक खरिद ऐन, २०६३ र सार्वजनिक खरिद नियमावलि, २०६४ बमोजिमको समयमा ठेक्का सम्झौता गर्न नआएमा, कालोसुचिमा राख्न सार्वजनिक खरिद अनुगमन कार्यालयलाई सिफारिस गरिनेछ र सम्झौता नगर्नाले यस कार्यालयलाई हुने हानि नोक्सानि र यस कार्यालयले ठेकेदारबाट लिनु पर्ने बाकी र त्यसको दस (१०)% सुत समेत सो जायाजेथाबाट समेत असुल उपर गरिने छ ।
२३. आ.व २०८१।८२ मा यस कार्यालयबाट आहवान गरिएको ठेक्का "G.R/NCB/Goods/09-081-082 (Lohandra Khola ko Gitti ra Baluwa Utkhanan Sankalan Tatha Bikri Karya)" मा बोलपत्रको प्रस्ताव पेश गरि विविध कारण देखाई यस कार्यालयले सम्झौता गर्न आउनका लागि पत्राचार गरेतापनि सम्झौता गर्न नआएका बोलपत्रदातारसंस्थाले यस ठेक्कामा बोलपत्रपेश गर्न पाउने छैन । यदि सो संस्थाहरूले बोलपत्र पेश गरेमा निजको धरौटी जफत गरि ठेक्का मूल्यांकन प्रकृयामा समावेश गराईने छैन ।

**प्रमुख प्रशासकीय अधिकृत**

प्रभाव दैनिक National Daily

## सम्पादकीय

# जेन–जी संयमित बन्नुपर्ने समय

**शीर्ष दलका नेताहरू अहिलेको सरकारले निर्वाचन गर्न नसकोस् भनेर मनमनै मन्त्रोच्चारण गरिरहेका छन् । प्रहरी कार्यालयहरूबाट लुटेका हतियार र कारागारबाट भागेका कैदीलाई देखाउँदै कांग्रेस र एमालेले त्रास फैलाउने काम भइरहेकै छ । यो बीचमा जेन–जीबीच एकता नहोस् भन्ने चाहना पनि यी दलहरूको देखिन्छ । हरेक कोणबाट उक्साहटपूर्ण अभिव्यक्ति दिने काम एमाले नेतृत्वबाट भइरहेको छ । जसरी हुन्छ मुठभेडको रणनीतिमा एमाले उत्रेको धेरै दिन भइसक्यो । बुधबार बाराको सिमरामा त्यही भइदियो, जुन एमालेका नेताहरूले कल्पना गर्दै आएको थियो ।**

**एमालेको कार्यक्रम आयोजना भएकै दिन जेन–जी अभियन्ताहरूले कार्यक्रम राखेको देखिन्छ । आफ्नो पूर्वनिर्धारित कार्यक्रममा अवरोध गर्न खोजेपछि एमालेलाई के चाहियो ? ऊ जाइलाग्ने भइहाल्यो । भदौ २३ र २४ को विद्रोहपछि सडकमा आएको रिस फेर्नु नै छ । यसका लागि एमालेले दोहोरी भिड्ने पात्रहरू खोजिरहेको थियो ।**

**एमाले महासचिव शंकर पोखरेल र नेता महेश बस्नेत सिराह जाने क्रममा जेन–जीका अभियन्ताहरूले उनीहरूको सपना पूरा गरिदिए । अहिलेको सरकार जेन–जी विद्रोहको बलमा बनेको हो । तर यो सरकारलाई के बाध्यता छ भने निर्वाचनमा भाग लिन ठूला दलहरूलाई विश्वासमा लिनु अति आवश्यक छ । तर सरकारको नेतृत्व गरिरहेकी प्रधानमन्त्री सुशीला कार्की पनि एमाले अध्यक्ष केपी शर्मा ओलीकै शैलीमा उत्रेर कहिले शीर्ष नेताको अनुहार नै हेर्दिनँ भन्ने त कहिले 'हेट स्पिच' दिनेलाई छाड्दिनँ भन्ने अभिव्यक्ति दिएर सम्बन्ध भड्काउने कोसिसमा देखिन्छिन् ।**

**यतिमात्र हैन उच्चस्तरीय जाँचबुझ आयोगमार्फत तर्साउने, धम्क्याउने काममासमेत सरकार लागिरहेको देखिन्छ । सरकार सबैको अभिभावक हो । विपक्षीलाई तर्साउने र जेन–जीलाई उक्साउने काम सरकारको हैन । अहिलेको नेतृत्वले जेन–जीलाई आफ्नो नियन्त्रणमा राख्ने र विपक्षीलाई फकाउने हो ।**

**जेन–जीको मनपरीतन्त्रले आमजनताको मन पुनः पुरानै दलमा फर्कन नदिने रणनीति बनाउने हो । किनभने प्रदर्शन गर्ने, नाराबाजी गर्ने, तोडफोड गर्ने प्रवृत्ति पुराना दलको हो । यस्तो प्रवृत्ति जेन–जीले अपनाए फरक के भयो ? यसरी त जुन जोगी आए पनि कानै चिरेका ? भन्ने अर्थ लाग्न सक्छ । त्यसै आफ्नो आन्दोलनबाट आएको परिवर्तनलाई संस्थागत गर्न जेन–जी संयमित हुनुपर्ने समय हो यो । उल्टो बाटोमा लागेको एमालेले पनि सुध्रिनुपर्छ । सरकारले त झनै संयमता अपनाउनु आवश्यक छ ।**

# निर्वाचनको सुनिश्चितताका लागि सरकार प्रतिबद्ध



जगदीश खरेल

निष्पक्ष र स्वतन्त्र निर्वाचनले मात्र सुशासन, स्थायित्व र विकास सम्भव बनाउँछ । फागुन २१ को निर्वाचन लोकतन्त्रको अभ्यासमात्र होइन, देशको समृद्ध भविष्यको ढोका पनि हो । यो दिन नागरिकहरूले आफ्नो अमूल्य मत प्रयोग गरेर सक्षम, इमानदार र जनमुखी नेतृत्व चयन गर्ने भएकाले यसलाई लोकतान्त्रिक पर्वका रूपमा मनाउनुपर्छ । यो दिन जनताको मतले देशको नेतृत्व निर्धारण गर्छ । विवेकपूर्ण र जिम्मेवार मत प्रयोगले सक्षम सरकार निर्माण हुन्छ र त्यसले देशलाई समृद्धिको मार्गमा अघि बढाउँछ ।

जेन-जी आन्दोलनको जगमा गठित वर्तमान सरकारलाई जनता, राजनीतिक दल र राष्ट्रिय तथा अन्तर्राष्ट्रिय समुदायकोसमेत समर्थन रहेको छ । यस सरकारलाई आगामी फागुन २१ गते घोषित निर्वाचन सम्पन्न गर्ने, सुशासन सन्दर्भ र भ्रष्टाचार नियन्त्रणबारे सघनरूपमा कार्यान्वयनमा लैजाने 'म्याण्डेट' छ । देशको वर्तमान राजनीतिक अवस्थालाई निकास दिने र आसन्न निर्वाचनलाई सुनिश्चित गर्ने निर्णायक घडीमा हामी उभिएका छौं ।

मुलुकमा सुशासन कायम तथा भ्रष्टाचार नियन्त्रणका लागि सरकारले कुनै कसर बाँकी राख्दैन । जेन-जी आन्दोलनका क्रममा भएको जनधनको क्षतिको अनुसन्धान र कारबाहीको प्रक्रिया अगाडि बढाउने सन्दर्भमा सरकारले काम थालनी गरेको छ । मुलुकमा पद्धति र प्रणाली स्थापित गर्दै देशलाई आर्थिक समृद्धिको दिशातर्फ अगाडि बढाउन परेको छ । गत २३ र २४ भदौको जेन-जी विद्रोहपछि गठित अन्तरिम सरकारले निर्धारित मितिमा नै निर्वाचन सम्पन्न गराउन राजनीतिक दल र जेन-जी प्रतिनिधिसँग समेत चरण चरणमा सघन वार्ता र छलफल गरिरहेको छ ।

निर्वाचनको वातावरण बनाएर निर्धारित समयभित्रै निर्वाचन सम्पन्न गर्नेगरी सरकार र राजनीतिक दलहरूसँग भएका छलफलहरू सकारात्मक ढंगबाट अघि बढेका छन् । निर्वाचनको वातावरण बनाउनका लागि राजनीतिक दलहरूसँग भएको वार्ताबाट सरकार एकदमै उत्साहित बनेको छ र राजनीतिक दलहरूबाट असाध्यै सकारात्मक जवाफ आएको छ । सबैभन्दा पहिले राष्ट्रपतिको पहलमा दलहरूसँग संवाद भएको थियो भने प्रधानमन्त्री सुशीला कार्कीको आह्वानमा सरकारका तर्फबाट राजनीति दलहरूसँग एक चरणमा वार्ता भइसकेको छ । प्रधानमन्त्रीले यसअवधिमा शीर्ष राजनीतिक दलका नेताहरूसँग 'वान-टु-वान' पनि वार्ता गर्नुभएको छ । निर्वाचन आयोगमा दर्ता भएका पुराना/नयाँ सबै दलका प्रमुख र प्रतिनिधिसँग निर्वाचन तयारीका विषयमा छिट्टै प्रधानमन्त्रीले छलफल गर्दै हुनुहुन्छ । सरकार र राजनीतिक दलहरूबीच भएको छलफलबाट सरकार उत्साहित बनेको छ । यसले निर्वाचनको वातावरण बनेको छ । निर्वाचन लोकतन्त्रको मूल आत्मा हो । जनताले आफ्नो प्रतिनिधि चुन्ने प्रक्रिया नै निर्वाचन हो । त्यसैले निर्वाचनको माहोल बनाउन राजनीतिक दल र जेन-जीलगायत सबै सरोकारपक्ष उत्तिकै जिम्मेवार भएर प्रस्तुत भएका छन् ।

निर्वाचन सफल बनाउन स्रोत, साधन, जनशक्ति तथा सुरक्षाको वातावरणका लागि सरकारले राजनीतिक दलहरूलाई जानकारी गराएको छ । राजनीतिक दलहरूका तर्फबाट सुरक्षाको वातावरण बनाउनुपर्छ भन्ने चासो राख्नु स्वाभाविक पनि हो, त्यसप्रति सरकार प्रतिबद्धताका साथ लागेको छ । सरकारका तर्फबाट पनि निर्वाचनको सुरक्षाको वातावरण बनाउन सम्पूर्ण तयारी गर्छ, राजनीतिक दलहरूले ढुक्कसँग निर्वाचन प्रक्रियामा सहभागी हुनुपर्छ भनेर सरकारले विश्वास दिलाएको छ । जेन-जी युवा र राजनीतिक दलहरूलाई पनि सँगै राखेर छलफलको वातावरण बनाई उनीहरूको भावना र सहभागितामा निर्वाचन सम्पन्न गराउन पहल सुरु गरिसकेको छ ।

केही राजनीतिक दलहरूले निर्वाचनमा जाने निर्णय गरिसकेको र केहीले छिट्टै निर्णय गर्ने प्रतिबद्धता व्यक्त गरेका छन् । अधिकांश दल महाधिवेशन, आमसभा, भेला, सन्देशसभा जेजस्तो गतिविधि गरे पनि निर्वाचनकै तयारीमा लागेका छन् । निर्वाचन आयोग पनि कार्यतालिका बनाएर अगाडि बढेको छ । सुरक्षाकर्मी पनि उच्च मनोबलका साथ अगाडि बढेका छन् । सुरक्षा निकाय निर्वाचनमा सुरक्षा दिन तयार छ । उहाँहरूले सुरक्षाको 'रोडम्याप' नै बनाइसक्नुभएको छ । अब यसमा कुनै सन्देह गर्नुपर्ने कारण छैन । जनतामा पनि विस्तारै निर्वाचनको रौनक बढ्न थालेको छ ।

जेन-जी विद्रोहका क्रममा लुटिएका हातहतियारहरू फिर्ता नभएको र विभिन्न आपराधिक गतिविधिमा संलग्न कैदीहरूसमेत फरार रहेको अवस्थामा सुरक्षा चुनौतीको कारण घोषित मितिमा निर्वाचन सम्पन्न हुन गाह्रो रहेको विश्लेषण हुने गरेका छन् । निर्वाचनको पूर्वसन्ध्यामा उत्पन्न सुरक्षा चुनौती र प्रवासी नेपालीको मताधिकारको विषयमा निर्वाचन आयोगले गम्भीर छलफल सुरु गरेको छ । आयोगका अधिकारीहरूले पनि सुरक्षा निकायका प्रमुखहरूसँग छलफल गर्दै हालको अवस्था विश्लेषण गरिरहेका छन् । जेन-जी आन्दोलनको समयमा लुटिएका अधिकांश हतियार फिर्ता भइसकेको जानकारी गृह मन्त्रालयले दिएको छ । केही हतियारहरू अझै बाहिर रहे पनि प्रहरीले विशेष 'अपरेसन'मार्फत ती हतियारहरू फिर्ता ल्याउने विश्वास छ । अहिले उत्पन्न सुरक्षा चुनौतीको सम्बन्धमा आयोगले गम्भीररूपमा छलफल गरिरहेको छ ।

त्यसैगरी, विदेशमा रहेका नेपालीहरूले मतदान गर्न पाउनुपर्छ भन्ने कुरा उठेको छ । सरकारले विदेशमा रहेका मतदातालाई कसरी मतदानको अधिकार दिलाउन सकिन्छ र त्यसका लागि कस्तो कानुनी र प्राविधिक सम्भावनाका विषयमा आयोगसँग परामर्श गर्दै आएको छ । अहिले विदेशका केही ठाउँमा भए पनि विदेशमा रहेका नेपाली नागरिकलाई मतदानमा सहभागी गराऊँ भन्ने सरकारको सोचाइ छ । यसबारेमा सरकारले आफ्नै तहबाट अध्ययनसमेत गरिरहेको छ । विदेशमा रहेका नेपालीहरूलाई मतदानमा सहभागी गराउनुपर्ने मागलाई स्वाभाविक मान्न सकिन्छ । विदेशमा रहेका नेपालीहरूले मताधिकार पाउनुपर्छ भन्ने विषयमा अहिले विभिन्न चरणमा छलफल पनि भइरहेका छन् । घोषित मितिमा निर्वाचन गर्दा जेन-जी पुस्ताका लाखौं मतदातालाई मतदान गर्ने अधिकारको सुनिश्चित गर्न सरकारले अध्यादेश ल्याएको छ । सोही आधारमा निर्वाचन आयोगले निर्वाचनको मिति तोकिएपछि बन्द भएको मतदाता नामावली संकलन गर्ने कार्य जारी राखेको छ । अहिले पनि देशभर मतदाता नामावली संकलनको कार्य भइरहेको छ । हाल मतदाता नामावली संकलनदेखि आवश्यक सामग्री खरिद र आचारसंहिता निर्माणसम्मका तयारी अन्तिम चरणमा पुगेका छन् ।

आगामी फागुन २१ गतेका लागि प्रतिनिधिसभा सदस्य निर्वाचनको मिति घोषणापछि नयाँ मतदाता र राजनीतिक दल थपिने क्रम जारी रहेको छ । निर्वाचन आयोगले सञ्चालन गरेको मतदाता नामावली संकलनमा हालसम्म दुई लाखभन्दा बढी नयाँ मतदाता थपिएका छन् भने निर्वाचन घोषणापछि २१ नयाँ दलले दर्ताका लागि आयोगमा आवेदन दिएका छन् । केही दलले दर्ता प्रमाणपत्र पाइसकेका छन् भने केही दल विभाजन भई नयाँ दलको मान्यता पाएका छन् । आयोगमा कात्तिक ३० गतेसम्म १२३ राजनीतिक दलले दर्ताको प्रमाणपत्र लिएका छन्, दल दर्ताको प्रक्रिया रोकिएको छैन । थप ३२ दलले दर्ताका लागि निवेदन दिएका छन् । निर्वाचनलाई लक्षित गरी आयोगद्वारा सञ्चालित मतदाता नामावली संकलन तथा अद्यावधिक उत्साहजनक सहभागिता भइरहेको र निर्वाचन आयोगले हिजोसम्म छ लाख २० हजार नयाँ मतदाता थपिएको जनाएको छ । यसले आगामी निर्वाचनका लागि अपार दलीय उत्साह रहेको देखिन्छ । प्रधानमन्त्री सुशीला कार्कीले आगामी निर्वाचनमा भाग लिई विवेकको मत प्रयोग गर्ने अवसरका लागि नाम दर्ता गराउन युवा युस्तालाई आह्वान गर्दै आउनुभएको छ ।

मुलुकलाई अगाडि बढाउनका लागि निर्वाचनको अर्को विकल्प छैन । निर्वाचन गराउन नसके मुलुकमा अर्को जोखिम आइपर्छ, निर्धारित समयमा निर्वाचन गराउनै पर्छ । निर्वाचनको माहोल बनाउन मैले पनि व्यक्तिगतरूपमा र सामूहिक ढंगबाट राजनीतिक दलका नेताहरू, सामाजिक क्षेत्रका व्यक्तित्वहरूसँग छलफल गरेको छु । विभिन्न सञ्चारमाध्यमका प्रतिनिधिहरूसँग पनि भेट गरी फागुन २१ गते निर्वाचन सम्पन्न गर्न सरकारले सम्पूर्ण तयारी गरिरहेकाले निर्वाचनको वातावरणका निम्ति भूमिका खेल्न आग्रह गरेको छु । निर्वाचनको माहोल बनाउन राजनीतिक दलहरू पनि जिम्मेवार भएर लाग्नुपर्छ, त्यसको व्यवस्थापकीय पाटोमा सरकारले कुनै कसुर बाँकी राख्दैन । निर्वाचन सफल गराई मुलुकमा सुशासन प्रवर्द्धन, पुनर्निर्माण विकास गर्नु सरकारको मूल दायित्व रहेको छ । निर्वाचनलाई निष्पक्ष, भयरहित र शान्तिपूर्ण ढंगले पूरा गर्न आवश्यक कानुन एवं नीति बनाई कार्यान्वयनमा ल्याउन सरकार सम्बद्ध सबै पक्षसँग आग्रह गर्दछ ।

निष्पक्ष र स्वतन्त्र निर्वाचनले मात्र सुशासन, स्थायित्व र विकास सम्भव बनाउँछ । फागुन २१ को निर्वाचन लोकतन्त्रको अभ्यासमात्र होइन, देशको समृद्ध भविष्यको ढोका पनि हो । यो दिन नागरिकहरूले आफ्नो अमूल्य मत प्रयोग गरेर सक्षम, इमानदार र जनमुखी नेतृत्व चयन गर्ने भएकाले यसलाई लोकतान्त्रिक पर्वका रूपमा मनाउनुपर्छ । यो दिन जनताको मतले देशको नेतृत्व निर्धारण गर्छ । विवेकपूर्ण र जिम्मेवार मत प्रयोगले सक्षम सरकार निर्माण हुन्छ र त्यसले देशलाई समृद्धिको मार्गमा अघि बढाउँछ । त्यसैले, निर्वाचनमा सहभागी हुनु हरेक नागरिकको कर्तव्य हो र यसले लोकतन्त्रलाई अझ सबल बन्न सक्छ । सफल निर्वाचन हुनुले मात्र सरकार स्थिर र जिम्मेवार बन्छ, जसले देशमा सुशासन र विकासको मार्गप्रशस्त गर्छ । तोकिएको मितिमा निर्वाचन सम्पन्न गरी राजनीतिक दलहरूलाई सत्ता हस्तान्तरण गर्ने कुरालाई सरकारले अर्जुनदृष्टिका रूपमा लिएर अगाडि बढिरहेको छ ।

*(सञ्चार तथा सूचना प्रविधिमन्त्री खरेलसँग राससले गरेको कुराकानीमा आधारित)*

## श्रम सरोकार

# सामाजिक सुरक्षा कोषबाट लिन सकिने लाभ

वैदेशिक रोजगारीमा जाने श्रमिकहरूको जीवन थप सुरक्षित होस् भनेर सामाजिक सुरक्षा कोषमा अनिवार्य आबद्ध हुनुपर्ने प्रावधान लागू गरिएको छ । यसका लागि उनीहरूलाई श्रम स्वीकृति लिँदा नै कोषमा आबद्ध गराइन्छ । बाध्यकारी भएकाले श्रम स्वीकृति लिने सबै कोषमा जोडिन्छन् तर यसका फाइदाहरू थाहा नपाउँदा अधिकांशले कोषमा नियमित रकम जम्मा गर्दैनन् । जसकारण अशक्तता, दुर्घटना, मृत्युजस्ता समस्या आइपर्दा पाउनुपर्ने सुविधाबाट वञ्चित हुनुपर्ने अवस्था छ । श्रम स्वीकृति लिनेबेलामा मात्र नभई विदेशमा रहेकाहरूले पनि कोषमा आबद्ध हुन सक्छन् ।

### के-के छन् फाइदा ?

योगदान रकमबाट उनीहरूले दुर्घटना तथा अशक्तता सुविधा तथा वृद्धावस्था सुरक्षा योजनामा सहभागी हुन पाउँछन् । यदि यस्ता श्रमिकको मृत्यु भएको अवस्थामा आश्रित परिवारलाई पनि कोषले सुविधा उपलब्ध गराउँछ । योगदान रकमको ७.४८ प्रतिशत रकम दुर्घटना तथा अशक्तता सुरक्षा योजना र आश्रित परिवार सुरक्षा योजनामा जम्मा हुन्छ । त्यस्तै वृद्धावस्था सुरक्षा योजनामा १३.८५ प्रतिशत रकम जम्मा हुने व्यवस्था छ ।

यो सुविधा पाउन घटना घटेको मितिभन्दा अघिको १२ महिनामा कम्तीमा नौ महिनाको योगदान रकम कोषमा जम्मा गरेको हुनुपर्ने प्रावधान छ । त्यस्तै, वृद्धावस्था सुरक्षा सुविधा प्राप्त गर्न भने योगदानकर्ताले वैदेशिक रोजगारी अन्त्य गरी नेपाल फर्किएको हुनुपर्छ । कोषमा हरेक महिना न्यूनतम दुई हजार दुई रूपैयाँ जम्मा गर्नुपर्छ । एकैपटक सात महिना वा सोभन्दा बढीको रकम जम्मा गरे १० प्रतिशतसम्म छुट पाइन्छ । वैदेशिक रोजगारीबाट फर्किंदा पनि कोषमा आबद्ध हुनेले विभिन्न सुविधा पाउने व्यवस्था छ ।

### योगदान रकम कसरी जम्मा गर्ने ?

रकम जम्मा गर्न कतै जानै पर्दैन । अनलाइन भुक्तानी च्यानल प्रयोगकर्ताहरूले सजिलै जम्मा गर्न सकिन्छ । कनेक्ट आइपिएस, खल्ती, इ-सेवा, फोन पेलगायतका भुक्तानी प्रणालीमार्फत नियमित योगदान गर्न सकिन्छ ।

### नियमित योगदान नगरे के हुन्छ ?

कोषमा नियमित योगदान नभए पाउनुपर्ने सुविधाबाट वञ्चित भइन्छ । कोषअन्तर्गतका विभिन्न योजनामध्य स्वास्थ्यसम्बन्धी सेवा पाउनका लागि पछिल्लो छ महिनाको रेकर्डमा तीन महिनाको योगदान गरेको भए पुग्छ । तर दुर्घटना, आश्रित परिवार कोषलगायतको सुविधा पाउन प्रत्येक महिना नियमितरूपमा जम्मा गरेको हुनुपर्दछ ।

# साम्राज्यवादी छाया र समाजवादी बिहान



डि.बि. सर्वश्रेष्ठ

नेपाल आज एउटा साँघुरो ढोकाको चौतारीमा उभिएको छ । जहाँ एकातिर सदियौंदेखिका शोषणका छाया छन् र अर्कातिर नयाँ समाजको टल्किने झिल्को । सतहमाथि गुटबन्दी, भ्रष्टाचार, कमजोर सत्ता, चुनावी भीडभाडमात्र देखिन्छ । तर त्यो सतहभित्र जमिनमुनि इतिहासको मौन गर्भमा एउटा गहिरो संरचनागत पीडा धड्किरहेको छ । यो पीडा कुनै नेताको दुर्व्यवहार होइन कुनै सरकारको अक्षमता होइन । यो नेपाल बनेदेखि नै बोकेर हिँडेको घाउ हो जसलाई हामीले कहिल्यै पूर्णरूपमा सिलाउन सकेनौं ।

राजनीति फेरियो, राजतन्त्र ढल्यो, गणतन्त्र जन्मियो, संघीयता आयो । तर जमिन उस्तै, जसले जोत्थ्यो उसैको होइन । उत्पादन उस्तै, जसले पसिना बगायो उसैलाई मूल्य परेन । श्रमशक्ति उस्तै घरको धुँवा हेर्न नपाई सुदूर टापुका कतारमा, मलेसियामा, खाडी भूमिमा पसिना बेच्न बाध्य ।

जसरी सुक्खा नदीको तीर्खा वर्षात्ले मात्र मेटिँदैन संरचनाको तीर्खा पनि राजनीतिक परिवर्तनले मात्र मेटिँदैन । परिवर्तनसहित जनताको सपना बोकेका निमुखाहरू राजनीतिक व्यवस्था अनिवार्य हुन जरुरी छ । नेपालको संरचना आज पनि अर्ध सामन्तीय र अर्ध औपनिवेशिक छ कहिले सामन्तको हातबाट, कहिले दलाल पुँजीवादीको झोलाबाट, कहिले विदेशी रणनीतिका कागुराको पखेटाबाट देशको स्वाधीनता चुँडिन्छ एनजिओ/आइएनजिओको झोलाबाट शासनसत्ता फेरिन्छ । विदेशीहरूले दूषित खेलमैदान बनाउँछन् । मानिसहरू प्रश्न गर्छन्- नेपाल किन कहिल्यै स्थिर हुँदैन ?

उत्तर एकदम सरल छ- जुन संरचना स्वयं असमानताबाट बनाइएको छ त्यो संरचनामा स्थिरता कुनै मौसमी चमत्कारमात्र हो भनेझैं विदेशीहरूको योजना र उनीहरूको दलाली व्यवस्था कायम रही रहन्छ कहिल्यै स्थिर हुँदैन ।

आज नेपाल तीन ठूलो छायामा ढाकिएको छ । पहिलो छायामा भारतको सुरक्षा घेरा साँघुरो सीमारेखा बग्ने नदी र खुला नाकासँगै जोडिएको दिनरातको राजनीतिक दबाब । दोस्रो छाया चीनको चुपचाप तर गहिरो दृष्टि, जसले तिब्बतको पहाडमाथिबाट नेपाललाई एउटा संवेदनशील नसाजस्तै हेर्छ । तेस्रो छाया अमेरिकाको सुदूर तर सर्वत्र उपस्थित रणनीति, जसले नेपाललाई इण्डो प्यासिफिकको अदृश्य रेखामा बाँध्न खोज्छ ।

यी तीनै छायाहरू प्रकट भइदिँदैनन्, उनीहरू भित्तामा टाँसिएका फुसफुसाउने धुवाँजस्ता छन् देखिएका पनि नदेखिएका पनि । जसरी बादल आफैं बनेर आफैं भत्किन्छ साम्राज्यवाद । आज आफैं जन्माउने र आफैं मार्ने शक्तिमा रूपान्तरित भइसकेको छ । जसले उनीहरूका हित बोल्छ त्यो नायक । जसले स्वतन्त्रता बोल्छ त्यो दुश्मन । यसको मुख्य उदाहरण हो- नेपालमा पटक-पटक फेरिएका नयाँ शक्ति र विचार । राजनीतिक सिद्धान्तविनाका खहरेझैं उर्लिने भेलहरू आउँछन्, उपलब्धिविना सुक्छ, सकिन्छ । द्वन्द्वमा फस्छ ।

यसले अर्को प्रश्न पनि जन्माउँछ- नेपालका सरकारहरू किन एकाएक ढल्छन् ? दल किन अनायास फुट्छन् ? नीति किन अचानक उल्टिन्छ ? उत्तरसँग इतिहास मौन छैन, किनकि नेपालमा सत्ता शुद्ध नेपालीको हातमा छैन । त्यो हातभन्दा लामो अरूका हातहरू छन् जसले खेलाउँछन्, भाँच्छन्, बनाउँछन् ।

यसैबीच देशको एक करोड युवाशक्ति संसारभरि पुगेका छन्, मानौं नेपालका छोरी-छोरा कुनै अदृश्य आकाशैभरि टाँसिएका तारा हुन् जसले रात प्रकाश त पार्छन् तर आफ्नो भूमिमा फर्केर दिनको प्रहर पहरिँदैन । युवा नभए उत्पादन कसरी बन्छ ? श्रम नभए समाज कसरी हिँड्छ ? चेतना नभए क्रान्ति कसरी उठ्छ ? यता मिडिया एनजिओ ज्ञान उत्पादनका ठूल्ठूला भवनहरू रंगीन कार्यक्रम जनताको आँखा झुक्याउने चम्किला नीति सुधारका दस्तावेज सबै मिलेर एउटा अदृश्य मानसिक शासन बनाइदिन्छन् । राष्ट्रवाद बोल्यो भने पुरानो समाजवाद बोल्यो भने अव्यावहारिक विदेशी हस्तक्षेपको विरोध गऱ्यो भने पूर्वाग्रही यस्ता कथनहरू योजनाबद्धरूपमा उत्पादन गरिन्छन् ।

यिनै कारणले आज नेपालभित्र दुई शक्ति प्रकट भएका छन् । पहिलो पुरानो संरचनाबाट जन्मिएको दलाल पुँजीको बोसोमा लोथ वैचारिक आधार नभएको बाहय शक्तिको आँखाजस्तै चल्ने राजनीतिक शक्ति । यस शक्तिका भाषणमा समाजवाद हुन्छ तर क्रियामा ठेक्कातन्त्र घोषणामा राष्ट्रियता हुन्छ तर नीतिमा निर्भरता जनताको नाममा आन्दोलन हुन्छ तर जनताको सडकमा पहुँच हुदैन ।

दोस्रो, नयाँ जेनरेसन जसको आँखामा भविष्यको उज्यालो छ तर चित्तभित्र वर्गीय दृष्टिकोण अझै पूर्ण छैन । उनीहरू आधुनिक राज्य, सुशासन, पारदर्शिता, न्याय यी सबै खोज्छन् तर कहिलेकाहीं वैचारिक आधार कमजोर हुँदा बाहिरबाट थोपारिएको उदारवादी वर्णनले उनीहरूलाई भ्रमित पनि बनाइदिन्छ । तर यही नयाँ जेनरेसनमा सम्भावना छ यदि उनीहरूलाई श्रम उत्पादन वर्ग, राष्ट्रिय स्वाधीनता र ऐतिहासिक रूपान्तरणको विचारलाई एकै सूत्रमा गाँस्न सके भने । अहिले मूल प्रश्न उठेको छ, के चुनावमार्फत समाजवाद सम्भव छ ? के संसदीय मार्गले संरचनागत रूपान्तरण सम्भव छ ?

लेनिनको कठोर आवाज यहाँ पनि प्रतिध्वनित हुन्छ, जहाँ चुनाव पुँजीपतिको हातमा बन्धक बन्छ, त्यहाँ जनसत्ता कागजको मौलामामात्रै रहन्छ । नेपालमा चुनाव पुँजी, विदेशी प्रभाव, ठेकेदारतन्त्र, दलगत गुट र कूटनीतिक दबाबको संयुक्त प्रबन्धक बनेको अवस्थामा समाजवादी रूपान्तरण चुनावको बाटोबाट सम्भव छैन ।

यो सत्य कठोर छ तर इतिहासको शैली नै कठोर हुन्छ । समाजवादी विकल्प तब जन्मिन्छ जब जनता आफ्नो शक्तिको विम्बलाई केवल भोटमा होइन, संगठनमा, उत्पादनमा, चेतनामा, स्वाधीन नीतिमा र वर्गीय निर्णायकतामा रूपान्तरण गर्छन् । त्यसैले यो बहिष्कारको बहस कुनै भावनाको आँधी होइन यो इतिहासको माग हो । यो स्वाधीन राष्ट्रको निर्माण मजदुर किसानको नयाँ सत्ता यो नयाँ इतिहासको प्रवेशद्वार हो ।

यो हिंसाको आह्वान होइन, यो जननिर्णय जनसंगठन र जनसिद्धान्तको निर्माण हो । त्यसैले आज दलाली व्यवस्थामा आधारित अभियान जनता विरोधी छ । नेपाल आज दुई बाटोको उज्यालो मोडमा उभिएको छ । एकातिर साम्राज्यवादी निर्भरता, दलाल संरचना र संशोधनवादी दलहरूको अँध्यारो पाटो छ । अर्कातिर स्वाधीनता, उत्पादन, युवा शक्ति, वर्गीय चेतना र समाजवादी जनसत्ताको बिहान उदाउँदै छ यो बेला नेपाली जनताले कुन बिहान छान्ने हो पश्चिममेली दूषित हावाले घेरिएको बिहानी अथवा स्वाधीन र जनमुखी पूर्व क्षितिजबाट उदाएको लाली किरणसहितको बिहानी ।

# तेम्बा बजारमा आगलागी: एक करोड १८ लाखभन्दा बढी क्षति



**फुङ्लिङ (ताप्लेजुङ)**– ताप्लेजुङको तेम्बा बजारमा आगलागी हुँदा एक करोड १८ लाख रूपैयाँभन्दा बढी क्षति भएको छ । जिल्लाको मिक्वाखोला गाउँपालिका-४ स्थित तेम्बा बजारमा मंगलबार राति भएको आगलागीले चार घर पूर्णरूपमा नष्ट हुँदा एक करोड १८ लाख रूपैयाँभन्दा बढीको क्षति भएको हो ।

प्रमुख जिल्ला अधिकारी शिवराज सेढाईंका अनुसार स्थानीय इन्द्रकुमार लिम्बू, राजकुमार लिम्बू, अनिल लिम्बू र विष्णुप्रसाद लिम्बूको व्यावसायिक घरहरू जलेर पूर्णरूपमा नष्ट भएका हुन् । प्रारम्भिक विवरणअनुसार सबैभन्दा बढी राजकुमारको ५० लाख रूपैयाँबराबरको क्षति पुगेको छ । त्यस्तै, इन्द्रकुमारको ४३ लाख रूपैयाँ, अनिलको २० लाख रूपैयाँ र विष्णुप्रसादको पाँच लाख रूपैयाँबराबरको क्षति भएको प्रशासनले जनाएको छ । आगलागीका कारण इन्द्रकुमारको घरमा डेरा गरी बस्ने दोर्ची शेर्पाको २५ मन अलैंची पनि जलेर नष्ट भएको प्रजिअ सेढाईंले जानकारी दिए । उनका अनुसार दुईवटा मोटरसाइकल, सुनचाँदी, नगद, पशुचौपाया, लत्ताकपडा, खाद्यान्नसहित आवश्यक कागजातसमेत जलेर नष्ट भएका छन् ।

रातिको समय भएकाले सामग्री निकाल्न नसकिएको र आगो नियन्त्रणका लागि दमकल तथा पानीको अभाव हुँदा क्षति बढेको स्थानीयले बताएका छन् । बिहान ५:३० बजेमात्र आगो पूर्णरूपमा नियन्त्रणमा आएको थियो । पार्किङमा राखिएको मोटरसाइकलबाट आगलागी सुरु भएको प्रारम्भिक अनुमान गरिएको भए पनि घटनाबारे थप अनुसन्धान भइरहेको प्रहरीले जनाएको छ । *रासस*

# पुराना एम्बुलेन्स सञ्चालन रोक्दा अभाव हुने चिन्ता

**चितवन (प्रस)**– स्वास्थ्य तथा जनसंख्या मन्त्रालयले १० वर्षभन्दा पुराना एम्बुलेन्स सञ्चालन गर्न नपाइने जनाएपछि एम्बुलेन्स अभाव हुने चिन्ता गरिएको छ । हाल सञ्चालनमा रहेका एम्बुलेन्समध्ये ८० प्रतिशत १० वर्ष पुराना रहेकाले अभाव हुने चिन्ता गरिएको हो ।

संयुक्त एम्बुलेन्स चालक संघका केन्द्रीय अध्यक्ष नवराज लामिछाने हाल सञ्चालनमा रहेका तीन हजार ३०० एम्बुलेन्समध्ये करिब ८० प्रतिशत १० वर्ष पुराना रहेका जानकारी दिए । उनका अनुसार तीमध्ये १० हाराहारी 'क' वर्गका, १५० हाराहारी 'ख' वर्गका र बाँकी 'ग' वर्गका एम्बुलेन्स छन् । 'ग' वर्गका ८० प्रतिशतभन्दा बढी एम्बुलेन्स १० वर्ष पुराना रहेका उनले बताए ।

लामिछानेका अनुसार 'ग' वर्गका ८० प्रतिशत हाराहारी एम्बुलेन्स नवीकरणसमेत हुन सकेका छैनन् । स्वास्थ्य तथा जनसंख्या मन्त्रालयले सोमबार सूचना जारी गर्दै १० वर्षभन्दा पुराना एम्बुलेन्स सञ्चालन भएको पाइएमा सञ्चालन अनुमति दर्ता खारेज हुने व्यवस्था गरेको छ । यससँगै संघले विज्ञप्ति जारी गरेर तत्काल एम्बुलेन्स रोकिएमा बिरामी बोक्न अभाव हुने जनाएको छ । साथै अधिकांश शववाहन १० वर्ष पुराना भएका भन्दै दैनिक २०-२५ वटा शव राजधानी बाहिर पठाउने गरेकामा समस्या हुने जनाएको छ ।

स्वास्थ्य ऐन, २०७५ ले स्वास्थ्य संस्थाबाहेक अन्यलाई एम्बुलेन्स खरिदको अनुमति नदिने उल्लेख गरेसँगै अभाव हुने भन्दै विज्ञप्तिमा एम्बुलेन्स सञ्चालनमा गैरसरकारी संस्था, सामुदायिक संघ, संगठन तथा सहकारीलाई समान अधिकार दिन माग गरिएको छ । एम्बुलेन्स क्षेत्रमा कुनै पनि किसिमको एकाधिकार लगाउन नहुने विज्ञप्तिमा जनाइएको छ ।

## मलेसियामा रोजगार

कम्पनी : BWY HOLDINGS SDN BHD

पूर्व स्वीकृति मिति : २०८२/०८/०३ | LT. No. 333898 | चलानी नं. ६०२४७५८२

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलब RM | मासिक तलब ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Warehouse Man | 12 | 0 | 1700 | ५८,००० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छैन | छ | २ वर्ष |

अन्तरवार्ता हुने स्थान: संस्थाको कार्यालय काठमाडौंमा मिति: २०८२ मंसिर ११ गते (27th Nov. 2025) मा हुनेछ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिने | स्वदेशमा गरिने बिमा खर्च कसले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | सामाजिक सुरक्षा कोष कसले दिने र कति लाग्ने (एसएसएफ) | कल्याणकारी कोष सम्बन्धि व्यवस्था: | सेवा शुल्क | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने / रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु २५९५/- कामदारले तिर्ने | रु. १,५००/- कामदार आफैंले | नि:शुल्क | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |

**वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी:** १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षर गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा वैदेशिक रोजगार विभाग ताहाचलमा सम्पर्क राख्नुहोला ।

**ICONIC HR CONSULTANT PVT LTD**
Ganesh Basti, Maharajgunj-4, Kathmandu, Nepal. Tel: +977- 014548588
Mobile: 9851085102, E-mail: ram@iconic-hr.com, www.iconic-hr.com
Govt. Licence No. 1760/081/082

## युएइमा रोजगार

कम्पनी : CM HYPERMARKET L.L.C

पूर्व स्वीकृति मिति : २०८२/०३/१० | पून: विज्ञापन स्वीकृति मिति : २०८२/०८/०३ | LT. No. 326139 | चलानी नं.६०२४००५८

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलब AED | मासिक तलब ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | cashier female | 0 | 10 | 1500 | ५७,८३८ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |
| 2 | sales/salesman/ salesgirl | 20 | 20 | 1300 | ५०,१२६ | | | | | | | |

अन्तरवार्ता हुने स्थान: संस्थाको कार्यालय काठमाडौंमा मिति: २०८२ मंसिर ११ गते (27th Nov. 2025) मा हुनेछ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिने | स्वदेशमा गरिने बिमा खर्च कसले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | सामाजिक सुरक्षा कोष कसले दिने र कति लाग्ने (एसएसएफ) | कल्याणकारी कोष सम्बन्धि व्यवस्था: | सेवा शुल्क | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने / रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु २५९५/- कामदारले तिर्ने | रु. १,५००/- कामदार आफैंले | १०,००० | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |

**वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी:** १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षर गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा वैदेशिक रोजगार विभाग ताहाचलमा सम्पर्क राख्नुहोला ।

**FRONTLINE RECRUITMENT PVT.LTD.**
Sinamangal-9, Kathmandu, Nepal, Telephone: 01-4593645, 4593646, 4593647,
Email: info@manpoweragencynepal.com
Govt. License 886/067/068

## साउदीमा रोजगार

कम्पनी : STAR ASIA TRANSPORT COMPANY

पूर्व स्वीकृति मिति : २०८२/०८/०३ | LT. No. 333929 | चलानी नं. ६०२४७५९१

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलब SR | मासिक तलब ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | HEAVY TRUCK DRIVER | 2 | 0 | 1800 | ६७,९६६ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

अन्तरवार्ता हुने स्थान: संस्थाको कार्यालय काठमाडौंमा मिति: २०८२ मंसिर ११ गते (27th Nov. 2025) मा हुनेछ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिने | स्वदेशमा गरिने बिमा खर्च कसले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | सामाजिक सुरक्षा कोष कसले दिने र कति लाग्ने (एसएसएफ) | कल्याणकारी कोष सम्बन्धि व्यवस्था: | सेवा शुल्क | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने / रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु २५९५/- कामदारले तिर्ने | रु. १,५००/- कामदार आफैंले | नि:शुल्क | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |

**वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी:** १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षर गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा वैदेशिक रोजगार विभाग ताहाचलमा सम्पर्क राख्नुहोला ।

LIC No. 1476/074/75
**NEPAL LIFE RECRUITMENT AGENCY PVT LTD**
Gaushala, Pingalaisthan, Kathmandu, Nepal, Tel: 014598920,
Mob: 9801076290, E-mail : nepallifera1476.2017@gmail.com

## Indrasarowar Rural Municipality
## Office of Municipal Executive
**Kulekhani, Makawanpur**

## Invitation for Sealed Quotation

**Second Date of Publication: 2082/08/04 B.S (20/11/2025 A.D)**

1. ***Indrasarowar Rural Municipality*** re-invites electronic Sealed quatation from eligible Suppliers for the ***Supply of below Mentioned goods*** under Sealed quatation procedures.

| S. N | Identification no. | Work Description | Total amount without VAT (NRs.) | Bid security amount (Rs) | Cost of Quotation Document (NRs.) |
|---|---|---|---|---|---|
| 1 | IRM/SQ/ MEDICINE- Re-01/01/082/083 | Procurement and Supply of Essential Medicinal Items. | Rs. 27,33,407.00 | Rs.65,000.00 | Rs.1,000.00 |

2. Information to deposit cost of bidding document and bid security in the bank.

| Office Name | Indrasarowar Rural Municipality | Remarks |
|---|---|---|
| Rajaswa A/C Name and No. For Bid Document Fee | Acc. Name: Ga 1.1 Antarik Rajaswa Khata (Indrasarowar Ga.Pa.) Acc. No. 35604010000008 | For Bid Document Fee |
| Dharauti A/C Name and No. | Ac. Name: Sthaniya Taha Dharauti Khata (Indrasarowar Ga Pa) Acc. No. 35604010000004 | For Bid Security Amount |
| Bank Name and Branch | Global IME Bank Limited, Indrasarowar Branch, Makawanpur | |

3. Information to submission of bid

| | |
|---|---|
| Last date and time of Bid Submission | 05/12/2025 at 12:00 NOON |
| Date and Time Bid Opening | 05/12/2025 at 2:00 PM |
| Office | Indrasarowar R.M., Kulekhani, Makawanpur |

4. Eligible Bidder may obtain further information and bidding documents electronically at the website of Public Procurement Monitoring Office E-Gp System: www.bolpatra.gov.np/egp

**Chief Administrative Officer**

## गौरीगञ्ज गाउँपालिका
## गाउँ कार्यपालिकाको कार्यालय
**गौरीगञ्ज, झापा**

## दरभाउपत्र स्वीकृत गर्ने आशयको सूचना

**सूचना प्रकाशित मिति २०८२/०८/०४**

यस कार्यालयबाट मिति २०८२/०७/१४ गतेको दिन इजलास दैनिक पत्रिकामा प्रकाशित (Contract Identification No:- GRMG/SQ/GOODS/02/2082-83) खरिद कार्य गर्नको लागि आव्हान भएको दरभाउपत्र को सूचना बमोजिम प्राप्त हुन आएको दरभाउपत्रहरूबाट तपशिल बमोजिमको दरभाउपत्र दाता स्वीकृतिको लागि छनौट भएको हुँदा सार्वजनिक खरिद ऐन, २०६३ को दफा २७(२) बमोजिम दरभाउपत्र स्वीकृत गर्न आशयको सूचना प्रकाशित गरिएको छ ।

| सि. नं | योजनाको नाम | दरभाउपत्र नं | छनौट भएको दरभाउपत्रदाताको नाम र ठेगाना | कबोल रकम रू. (मु.अ.कर बाहेक) |
|---|---|---|---|---|
| १ | Supply of essential medicine and medical supplies for health insurance program | GRMG/SQ/ GOODS/ 02/2082-83 | श्री केल्लेश्वर मेडी सेल्स कागेश्वरी काठमाडौं | २३,९०,६१०.०० |

**प्रमुख प्रशासकीय अधिकृत**

# Sindhu Jwala Hydropower Limited

**Upper Nyasem Khola Hydroelectric Project (43 Mw)/ Upper Nyasem Khola-A Hydroelectric Project (21 Mw)**

## Invitation For Bids

**Invitation for Bids for the "the Lot 3: Electromechanical Works"**
**(Design, Manufacture, Supply, Installation, Testing and Commissioning of Electromechanical Equipment)**
**(Contract Identification No.: SJHL/UNKHEP/081/082/L-3EM-01)**
**(Latest date of Publication of Notice: 2025/11/20)**

1. Sindhu Jwala Hydropower Limited (SJHL), the "Employer", is a Company promoted by various experts and well reputed personalities of Nepalese power sector. SJHL is currently in the process of developing a ROR hydropower project called Upper Nyasem Khola Hydroelectric Project (UNKHP) of installed capacity 43 MW and Upper Nyasem Khola-A Hydroelectric Project (UNK-AHP) of installed capacity 21 MW at Nyasem river of Sindhupalchowk district. It is intended that the part of the proceeds of these resources will be applied to eligible payments under the contract for which this Invitation to Tender is issued.
2. Information to deposit the cost of the bidding document in the Bank:
   Cost of Bidding Documents: NRs. 10,000/- (Rupees Ten thousand only).
   Name of the Bank: Prabhu Bank, Sindhu Jwala Hydropower Limited,
3. Last Date and Time for Submission of Bidding Documents: 16th day of Notice Publication till on 12:00 hours
4. Sindhu Jwala Hydropower Limited invites sealed bids from eligible bidders for the Lot 3: Electromechanical Works (Design, Manufacture, Supply, Installation, Testing and Commissioning of Electromechanical Equipment), Contract Identification No.: **SJHL/UNKHEP/081/082/L-3EM-01**, through Plant and Design-Build (DB) mode under **International Competitive Bidding – Single Stage Two Envelope Bidding procedures.**
   Only eligible bidders with the following key qualifications should participate in this bidding:
   Minimum Work experience of similar size and nature:
   4..1 Participation as Prime contractor or joint venture partner, in at least one EPC/Turnkey/DB Contract within the last ten (10) years, with a value of at least equivalent US $ 25,200,000.00 (In Words: USD Twenty Million and Two Hundred Thousand Only) that have been successfully or are substantially completed and that are similar to the proposed works. The similarity shall be based on the physical size, complexity, methods, technology or other characteristics as described in Section VI, Employer's Requirements.
   4..2 Complete design and manufacture inhouse (must have facility of hydraulic model testing and CFD modeling for turbines), supply, erection, testing and commissioning turbine- generator units including:
   i. Per unit each with capacity of 15 **MW** or higher in at least two different hydropower project that have been in successful operation for at least 2 years as of bid submission deadline. Out of Two (2) projects, One (1) should be vertical Pelton turbine & other should be horizontal Pelton turbine of high head above 800m that has been in successful operation for at least two (2) years as of bid submission deadline.
   ii. Per unit of Generator of **20 MVA** or higher capacity in at least two different hydropower project that have been installed and successfully in operation for at least Two (2) years as of bid submission deadline.
   iii. Complete design, manufacture, supply, erection, testing and commissioning of 132 kV GIS and AIS or higher equipment that have been in successful operation for at least 2 years as of bid submission deadline.
   iv. Complete design, manufacture, supply, erection, testing and commissioning of minimum two (2), 132kV Indoor Type Power Transformers, each with minimum capacity of 20 MVA that have been in successful operation for at least 2 years as of bid submission deadline.
   v. Complete design, manufacture, supply, erection, testing and commissioning of one (1) Hydro Plant Control system with minimum capacity 40 MW including SCADA and Telemetry that have been successfully in operation for at least 1 years as of bid submission deadline.
5. Lot 3: Electromechanical Works (Design, Manufacture, Supply, Installation, Testing and commissioning of Electromechanical Equipment) must be of European Manufacturer and Deferred payment modality.
6. Minimum Average Annual Construction Turnover of the best 3 years within the last 10 fiscal years: US $ 50,300,000.00
7. The amount of Bank Guarantee may be subject to increase or decrease as per the decision of the Board of Directors.
8. Able to demonstrate adequate Manpower and Equipment to be used for the Project.
9. Bid Proposal including financial and technical proposal shall be sealed in separate envelopes marking "Financial proposal" & "Technical proposal" respectively in each and submitted to Sindhu Jwala Hydropower Limited, Kathmandu, Nepal on date and time mentioned in table above. One (1) set of original and one (1) set of duplicate bid document (of each technical and financial) shall be submitted.
10. Bids shall be opened as mentioned in the table above at the office of Sindhu Jwala Hydropower Limited, Kathmandu, Nepal in the presence of Bidders' representatives, if any. The technical proposal will be opened first and financial proposal of only those bidders will be opened whose technical proposal will qualify. Bids must be valid for a period of 120 days counting from the day of Bid opening and must be accompanied by Bid security, amounting to 5 crore of bidding amount (NRS) which shall be valid for minimum 15 days beyond the Bid validity period in favor of Sindhu Jwala Hydropower Limited.
11. If any information/data provided in the Submitted Bid is unclear, illegible or not substantiated by supporting document, such information/data shall not be taken into account for qualification.
12. If the last date of Bid submission/opening falls on a Government holiday, the same time of next working day shall be considered for such events.
13. Pre-bid meeting will be held at 14:00 hours on 2025/11/30 at Employer's office in Tinkune-32, Kathmandu. Attendance is strongly advised to all the qualified bidders.
14. SJHL reserves the right to accept or reject any Bid, partly or wholly, or cancel the Bid altogether, at any time prior to Contract award, without thereby incurring any liability to the affected Bidder or Bidders and without assigning any reason whatsoever.
15. Eligible Bidders may obtain further information at the office of Sindhu Jwala Hydropower Limited, Tinkune-32, Kathmandu, Nepal.

**Address:**
**Sindhu Jwala Hydropower Limited**
Tinkune-32, Kathmandu, Phone: 01-4245184
E-mail: sindhujwalahydropower@gmail.com, info@sindhuhydro.com

# प्रभाव दैनिक





### 'द ब्लु लाइट' पुसमा प्रदर्शन हुने

चलचित्र 'द ब्लू लाइट' को पोस्टर सार्वजनिक गरिएको छ । सार्वजनिक पोस्टरमा चलचित्रका मुख्य कलाकार महेश त्रिपाठी, अर्पण थापा, बेनिशा हमाल, सृष्टि श्रेष्ठ र आयुशमान देशराज जोशीलाई देख्न सकिन्छ । सबै पात्रमा समानता देखिन्छ, त्यो समानता हो नैराश्यता । पाँचै जना पात्र निराश देखिएका छन् । फरक यति हो, महेशको हातमा बन्चरो छ । अरूको हात रित्तो छ । बलिराम चौहानको निर्देशन रहेको 'द ब्लू लाइट' पुस १० गतेबाट रिलिजमा आउँदै छ ।






# चलचित्र विधेयकमा संशोधन आवश्यक : मन्त्री खरेल

■ प्रभाव संवाददाता

**काठमाडौं** – सञ्चार तथा सूचना प्रविधिमन्त्री जगदीश खरेलले चलचित्र विधेयक, २०८१ अपुरो रहेकाले त्यसलाई संशोधन गर्नुपर्ने बताएका छन् । उनले ५६ वर्षपछि आएको विधेयक समयसापेक्ष हुन नसकेको उल्लेख गर्दै आवश्यक संशोधनसहित चलचित्र विधेयकलाई अझ परिष्कृत र विवादरहित बनाउन राष्ट्रियसभाको विधायन समितिसमक्ष आग्रह गरे ।

समितिको बैठकमा चलचित्र विधेयकमाथिको सैद्धान्तिक छलफलका क्रममा उनले विधेयकलाई दर्शक, निर्माता, नियमनकर्तालगायत सरोकारवाला पक्षबाट समेत हेर्दा आफूले १० प्रतिशत मात्र संशोधन भएको पाएको टिप्पणी गर्दै आवश्यक परे पुनर्लेखन गर्नुपर्ने धारणा व्यक्त गरे ।

'मैले चार वटा 'लेन्स' प्रयोग गरेर विधेयक अध्ययन गरे । पहिला दर्शक भएर हेरे यो विधेयक नेपाली जनता जसले सिनेमा हेर्छ । दोस्रो मैले सिनेमा बनाउने पक्षबाट हेरेँ, तेस्रो मैले यसलाई चाहिने सहजीकरण र नियमन गर्ने निकाय भएर हेरेँ र चौथो ग्लोबल 'प्रस्पेक्टिभ'बाट हेरेँ', उनले भने, 'यी चारै लेन्सबाट हेर्दा यो विधेयकमा ५६ वर्षपछि आएकोजस्तो संशोधन भएको छैन । यसलाई २० देखि ३० प्रतिशत पुऱ्याउन सकियो भने समय अनुकूल हुन्छ । आवश्यक परे ४० प्रतिशत नै पुऱ्याउनुपर्ने हो कि !'

मन्त्री खरेलले चलचित्र क्षेत्रमा नियमनभन्दा पहिला सहजीकरण र सुविधा दिनुपर्नेमा जोड दिए । चलचित्र कुन मन्त्रालयअन्तर्गत रहने भन्ने बहसमा मन्त्री खरेलले चलचित्र क्षेत्र स्वभाविक रूपमा सञ्चार, दृश्य-श्रव्य, प्रविधि र उत्पादनसँग जोडिने भएकाले सञ्चार मन्त्रालयकै मातहत राख्नुपर्ने तर्क राखे । उनले सेन्सर बोर्डमाथि उठाइएका चिन्ता र चासोलाई सम्बोधन गर्ने प्रतिबद्धता व्यक्त गर्दै मौलिकपन र सर्जनशील पक्षको संरक्षण गर्नेगरी 'सेन्सर'को प्रावधान राख्नुपर्नेमा जोड दिए ।

मुलुकको समसामयिक राजनीतिक प्रसंग उल्लेख गर्दै नेपाल सरकारका प्रवक्ता समेत रहेका सञ्चारमन्त्री खरेलले प्राप्त कार्यादेशबमोजिम आगामी फागुन २१ गते निर्वाचन गराउन सरकार प्रतिबद्ध रहेको स्पष्ट गरे ।

तोकिएको समयमा निर्वाचन सम्पन्न गर्नेगरी आवश्यक तयारी गरिहेकाले त्यसमा सहयोग गर्न अनुरोध गर्दै मन्त्री खरेलले निर्वाचनको वातावरण बनाउने सन्दर्भमा सरोकारवाला पक्षसँग चरणबद्धरूपमा छलफल गरिरहेको सरकारले राजनीतिक पार्टीहरूसँगको संवादलाई निरन्तरता दिनेक्रममा बैठक आयोजना गरेको जानकारी दिए ।

प्रस्तावित चलचित्र विधेयकमाथि व्यक्तिगत र सामुहिक गरी १० वटा समूहमा छलफल गरिएको छ । सो विधेयकमाथि १८९ बुँदामा संशोधन परेको छ । यस समितिका सदस्यबाहेक २० जना अन्य सांसद्को संशोधन परेको समिति सचिव मनोजकुमार गिरीले जानकारी दिए ।

समितिका सदस्य एवं संशोधनकर्ता रेणु चन्द, झक्कुप्रसाद सुवेदी, डा अन्जान शाक्य, कृष्णबहादुर रोकाय, तारामान स्वाँर, पदमबहादुर परियार र मदनकुमारी शाहलगायतले नेपाली चलचित्र उद्योग गम्भीर संकटमा परेको उल्लेख गर्दै यसलाई मनोरञ्जन मात्र नभई सामाजिक रूपान्तरण, सांस्कृतिक प्रभाव र आर्थिक उद्यमको रूपमा हेर्नुपर्ने धारणा व्यक्त गरे । कलाकारको जीवन कठिन बन्दै गएको, लगानीकर्ता निरुत्साहित भएको र प्रविधिको तीव्र विकाससँगै प्रतिस्पर्धा गर्न नसकेकोजस्ता मुद्दा सांसदहरूले उठाएका थिए ।

यसैगरी विदेशी चलचित्र छायांकनका लागि सहजीकरण गर्न भइरहेको व्यावहारिक समस्यादेखि विधेयकमा अधिकार प्रत्यायोजनको विषयमाथि सांसदहरूले सैद्धान्तिक धारणा राखेका थिए ।

## 'पिआर'को रिलिजका लागि अस्ट्रेलिया उडे शोभित

**काठमाडौं (प्रस)**– दश वर्षपछि फिल्म 'पीआर' निर्देशन गरेका निर्देशक शोभित बस्नेत अष्ट्रेलिया उडेका छन् । उनले मंगलबार नयाँ बानेश्वरको एक होटलमा पत्रकार सम्मेलन गर्दै फिल्म रिलिजको लागि आफु अष्ट्रेलिया र न्युजिल्याण्ड उड्न लागेको बताए । उनले अष्ट्रेलियामा मात्र नभएर न्युजल्याण्डमा पनि बक्स अफिसमार्फत नै फिल्म प्रदर्शन गर्न लागेको बताए । उनले त्यसैको चाँजोपाँजो मिलाउन आफु जान लागेको जानकारी दिए । 'म अहिले अष्ट्रेलिया र न्युजल्याण्ड जाँदै छु,यहि 'पिआर'को सम्बन्धमा,' उनले भने,'१०-१२ दिनको लागि ।


**Chame Rural Municipality**
**Office of the Rural Municipal Executive**
**Chame, Manang**
**Gandaki Province, Nepal**

**Invitation for electronic Bids**

**First date of publication : 18 November, 2025**

1. **Chame Rural Municipality, Manang** Invites the electronic bids only under e-procurement system from eligible bidders for construction of projects mentioned below under National Competitive bidding. All other information and Bid Documents can be downloaded from PPMO's website ***www.bolpatra.gov.np/egp*** or may obtain at office. Interested eligible bidders are requeste submit E-Bid only as per instruction within the mentioned period.

| S. N. | Name of Project | Contract ID | Cost of Bid Document (NRS) | Estimated Cost (NRS) Including VAT & PS | Bid Security Amount (NRS) | *Remarks* |
|---|---|---|---|---|---|---|
| 1 | Construction of Pari Chame Khanepani & Dhal Nirman with Bidhut CCTV Underground Works. | CRM-Works/04/082/083 | 3000.00 | 4929832.94 | 121000.00 | |
| ***Last date of bid submission : 18 December,2025*** | | | | | | |

2. ***Information to Deposit the cost of bidding document and bid security in Bank.***

| For Purchasing Bidding Document | Cash Deposit for Bid Security |
|---|---|
| **Name of the Bank:** Nepal Bank Ltd. Chame, Manang Nepal<br>**Name of the Office:** Chame Rural Municipality, Chame Manang Nepal<br>**Office Code no:** 801044001<br>**Office Account no:** Ga1.1(12803000001001000001)<br>**Rajaswa (Revenue) Shrishak No:** 14229 | **Name of the Bank:** Nepal Bank Ltd. Chame, Manang Nepal<br>**Name of the Office:** Chame Rural Municipality, Chame Manang Nepal<br>**Office Code no:** 801044001<br>**Office Account no:** 12803000003000000001 |

**Chief Administrative Officer**


## रंगशाला

# सुदूरपश्चिम रोयल्स विजयी




आजको खेल
NPL
NEPAL PREMIER LEAGUE
चितवन राइनोज्‌विरुद्ध लुम्बिनी लायन्स — दिउँसो 4:00 बजे

■ प्रभाव संवाददाता

**काठमाडौं**– पहिलो संस्करणको उपविजेता सुदूरपश्चिम रोयल्सले नेपाल प्रिमियर लिग (एनपिएल)मा रोमाञ्चक जित हात पारेको छ । बुधबार कीर्तिपुरस्थित रंगशालामा सम्पन्न खेलमा सुदूरपश्चिमले काठमाडौं गोर्खाज्‌विरुद्ध २९ रनको प्रभावशाली जित हात पारेको हो ।

टस जितेर पहिले फिल्डिङ गरेको काठमाडौंले सुदूरपश्चिमलाई १४७ रनमा रोक्दै १४८ रनको लक्ष्य पाएको थियो । तर काठमाडौंले १६.५ ओभरमा सबै विकेट गुमाउँदा मात्र ११८ रन बनाउँदै २९ रनको हार ब्यहोऱ्यो ।

काठमाडौंले ब्याटिङका लागि निम्तो दिएको काठमाडौं सुरुमै धरासायी बनेता पनि सुदूरपश्चिमका लागि हर्मित सिंहले अन्तिम समयमा आएर विस्फोटक पारी खेल्दै बलियो अवस्थामा पुऱ्याएका थिए । उनले ५३ रनको अर्धशतकीय पारी खेलेका थिए भने बलिङमा चार ओभरमा २१ रन खर्चिएर २ विकेट हात पारेका थिए ।

१४८ रनको लक्ष्य पछ्याएको काठमाडौंका लागि आकाश त्रिपाठीले ३४ रनको पारी खेलेका थिए । त्यस्तै जोन सिम्प्सनले २४ रन बनाउँदा भिम सार्कीले १२, मिलिन्द कुमारले ११ रन र सन्नी पटेलले १० रन बनाएका थिए । सुदूरपश्चिमका लागि स्कट कग्लेजिन, हेमन्त धामी र हर्मित सिंहले २/२ विकेट लिएका थिए भने ईशान पाण्डे, नरेन्द साउद र अविनाश बोहोराले १/१ विकेट हात पारेका थिए ।

त्यसअघि टस हारेर ब्याटिङको निम्तो पाएको सुदूरपश्चिमले २० ओभरको समाप्तिमा सबै विकेट गुमाउँदै १४७ रनको योगफल खडा गरेको थियो । सुदूरपश्चिमका लागि हर्मितले २० बलमा दुई चौका र ६ छक्कासहित ५३ रनको योगदान गरे ।


**Galyang Municipality**
**Office of The Municipal Executive**
**Galyang, Syangja**

**Invitation for Bids (IFB)**

**Second Date of Publication: 2025/11/20(2082/08/04)**

1.Galyang Municipality invites electronic bids for the following works from eligible bidders under National competitive bidding – Single stage Single Envelope Bidding procedures.

| S.N. | Contract No. | Description of work | Least Bidder Rate with Vat | Bid Security Amount NRs | Last Date of Bid Submission | Bid Opening Date and Time | Cost of Bidding Document NRs |
|---|---|---|---|---|---|---|---|
| 1. | Contract ID: GM/SYA/NCB/ IR/01/2082-83(2ndtime) | Extraction of River Bed Material From Jimuha Ghat (Ward-11) of Kaligandaki River of Galyang Municipality for F/Y 2082-083(2ndtime) | 12,90,688.94/- | 33,000/- | 2025/12/05 (2082/08/19) 12.00 Hours | 2025/12/05 (2082/08/19) 13.00 Hours | 3,000.00 |
| 2 | Contract ID: GM/SYA/NCB/ IR/02/2082-83(2ndtime) | Extraction of River Bed Material From Belchaur Ghat (Ward-09) of Kaligandaki River of Galyang Municipality for F/Y 2082-083(2ndtime) | 38,72,066.81/- | 97,000/- | 2025/12/05 (2082/08/19) 12.00 Hours | 2025/12/05 (2082/08/19) 13.00 Hours | 3,000.00 |
| 3 | Contract ID: GM/SYA/NCB/ IR/04/2082-83(2ndtime) | Extraction of River Bed Material From Nima Ghat (Ward-11) of Kaligandaki River of Galyang Municipality for F/Y 2082-083(2ndtime) | 52,16,534.46/- | 1,30,000/- | 2025/12/05 (2082/08/19) 12.00 Hours | 2025/12/05 (2082/08/19) 13.00 Hours | 3,000.00 |

2. Eligible Bidders may obtain further information and inspect the Bidding Documents at the office of Galyang Municipality, Galyang, Syangja, Nepal or may visit PPMO e-GP system www.bolpatra.gov.np/egp

**Chief Administrative Officer**

# शान्त बंगलादेश: हसिनामाथिको मृत्युदण्डपछि राजधानीमा सामान्य अवस्था

**ढाका–** गत वर्ष विद्यार्थी विद्रोहमाथि गरिएको दमनका कारण अपदस्थ प्रधानमन्त्री शेख हसिनालाई मृत्युदण्डको सजाय सुनाइएपछि पनि मंगलबार बंगलादेशको राजधानी ढाका तथा प्रमुख सहरहरू सामान्यरूपमै सञ्चालनमा रहेका छन् । उनको पूर्वसत्तारूढ अवामी लिग पार्टीले देशव्यापी बन्दको आह्वान गरे पनि सेवा सुविधा, पसल तथा विद्यालयहरू खुल्लै रहे ।

अन्तर्राष्ट्रिय अपराध न्यायाधिकरणले गएको वर्षका विद्यार्थी आन्दोलनहरूलाई लक्षित गर्दै घातक बल प्रयोग गरेको आरोपमा हसिना तथा पूर्वगृहमन्त्री असदुज्जमान खानलाई सोमबार अनुपस्थितिमै मृत्युदण्डको सजाय सुनाएको थियो । अदालतको फैसलापछि अवामी लिगले यसलाई 'कंगारू अदालत' भन्दै अस्वीकार गर्‍यो र भोलिपल्ट देशव्यापी बन्दको घोषणा गर्‍यो ।

सोमबार ढिलोसम्म हसिनाका विरोधीहरू र सुरक्षा निकायहरूबीच झडप भयो । विरोधीहरूले शेख मुजीबुर रहमानको ऐतिहासिक घर भत्काउन उत्खनन प्रयोग गर्ने प्रयाससमेत गरे । यसैबीच, पूर्वराष्ट्रपति अब्दुल हमिदको किशोरगञ्जस्थित घरमा तोडफोड गरिएको स्थानीय सञ्चारमाध्यमहरूले जनाएका छन् ।

तर मंगलबार सहरमा शान्त वातावरण देखियो । ढाकाका व्यापारी मोहम्मद साइकोट हुसेनले 'यहाँ वास्तविक कानुनको शासन नै छैन' भन्दै आफ्ना सन्तानहरूको भविष्यप्रति गहिरो चिन्ता व्यक्त गरे । उनले विगतदेखि हालसम्म सत्तामा बसेकाहरूले कानुनलाई मनपरी ढंगले प्रयोग गर्दै आएको टिप्पणी गर्दै भने, 'हाम्रा छोराछोरीहरू यस्तै वातावरणमा हुर्किरहेका छन्- न लक्ष्य छ, न भविष्य । उनीहरू कहाँ पुग्लान् भन्नेमा म अत्यन्तै चिन्तित छु ।'

७८ वर्षीया हसिनालाई मानवताविरुद्धको अपराधसम्बन्धी पाँच अभियोगमा दोषी ठहर गरिएको हो । विद्यार्थी प्रदर्शनकारीहरू विरुद्ध उत्तेजक निर्देशन जारी गरेको, हेलिकप्टर, ड्रोन तथा घातक हतियार प्रयोग गर्न आदेश दिएको आरोपमा उनलाई प्राकृतिक मृत्यु नहुँदासम्म कैदको सजाय सुनाइएको छ । एक पूर्वप्रहरी प्रमुखले राज्य साक्षी बनेपछि उनलाई पाँच वर्षकै कैद सजाय सुनाइएको थियो ।

बंगलादेशले सन् २०२४ को जुलाई-अगस्टमा सरकारी जागिरको कोटा प्रणालीविरुद्ध विद्यार्थी नेतृत्वमा व्यापक विरोध प्रदर्शन भोगेको थियो । आलोचकहरूले उक्त प्रणाली हसिनाको पार्टी-सम्बद्धहरूलाई फाइदा हुनेगरी लागू गरिएको आरोप लगाएका थिए । अन्तरिम सरकारले ती आन्दोलनहरूमा ८०० भन्दा बढी व्यक्तिको मृत्यु भएको र १४ हजार घाइते भएको जनाएको छ । संयुक्त राष्ट्रसंघले भने मृतक संख्या एक हजार ४०० हाराहारी रहेको अनुमान गरेको थियो ।

सन् २०२४ अगस्ट ५ को विद्रोहपछि हसिनाको १५ वर्ष लामो शासन ढल्यो । उनी र खान भारत भागे । भारतबाट सुपुर्दगी नहुने निश्चित प्रायः भएकाले मृत्युदण्ड वा कैद भोग्नुपर्ने सम्भावना न्यून मानिएको छ । हसिनाले सजायको ३० दिनभित्र आत्मसमर्पण नगरेसम्म वा गिरफ्तार नपरेसम्म अपिल गर्न पाउँदिनन् । उनीहरूले प्रतिरक्षा वकिल नियुक्त गर्न नमानेका कारण राज्यद्वारा तोकिएका वकिल पनि अस्वीकार गरिएका थिए । सोमबार जारी गरेको विज्ञप्तिमा हसिनाले आफ्नाविरुद्धका आरोपहरू 'अन्यायपूर्ण' रहेको बताउँदै आफूहरू 'सद्भावपूर्णरूपमा जिम्मेवारी निर्वाह गर्दै राष्ट्रको सेवा गर्न प्रयासरत' रहेको दाबी गरिन् । उनले 'परिस्थितिको नियन्त्रण गुमेको क्षणलाई पूर्वनियोजित आक्रमणका रूपमा चित्रण गर्नु तथ्यको गलत व्याख्या हो' भनी टिप्पणी गरिन् । *रासस/एपी/एएनआई*


## कतारमा रोजगार

कम्पनी : FIBER TIE PIPE FACTORY AND ACCESSORIES WLL

पूर्व स्वीकृति मिति : २०८२/०८/०३ | LT. No. 333881 | चलानी नं. ६०२४७५६१

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलब QR | मासिक तलब ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Labour | 11 | 0 | 1000 | ३८,८५५ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

अन्तरवार्ता हुने स्थान: संस्थाको कार्यालय काठमाडौंमा मिति: २०८२ मंसिर ११ गते (27th Nov. 2025) मा हुनेछ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिने | स्वदेशमा गरिने बिमा खर्च कसले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | सामाजिक सुरक्षा कोष कसले दिने र कति लाग्ने (एसएसएफ) | कल्याणकारी कोष सम्बन्धि व्यवस्था: | सेवा शुल्क | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने/रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु २५९५/- कामदारले तिर्ने | रु. १,५००/- कामदार आफैंले | नि:शुल्क | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |

**वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी:** १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षार गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा बैदेशिक रोजगार विभाग ताहाचलमा सम्पर्क राख्नुहोला ।

श्रम ईजाजत नं. ०८५/०५३/०५४

INTERNATIONAL TRADE LINKS RECRUITMENT PVT. LTD.
(The Centre Overseas Pvt. Ltd.(THE CENTER OVERSEAS CONCERN PVT.LTD))
Basundhara, Ktm, Nepal, Tel : +977-1-4985474, 4985586, Fax: +977-1-4385806

## साउदीमा रोजगार

कम्पनी : AHMED MOHAMMED SALEH AL GAREA CONTRACTING.EST

पूर्व स्वीकृति मिति : २०८२/०८/०३ | LT. No. 333917 | चलानी नं. ६०२४७५८०

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलब SR | मासिक तलब ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | CONSTRUCTION LABOURS | 20 | 0 | 1000 | ३७,७६० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

अन्तरवार्ता हुने स्थान: संस्थाको कार्यालय काठमाडौंमा मिति: २०८२ मंसिर ११ गते (27th Nov. 2025) मा हुनेछ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिने | स्वदेशमा गरिने बिमा खर्च कसले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | सामाजिक सुरक्षा कोष कसले दिने र कति लाग्ने (एसएसएफ) | कल्याणकारी कोष सम्बन्धि व्यवस्था: | सेवा शुल्क | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने/रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु २५९५/- कामदारले तिर्ने | रु. १,५००/- कामदार आफैंले | १०,००० | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |

**वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी:** १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षार गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा बैदेशिक रोजगार विभाग ताहाचलमा सम्पर्क राख्नुहोला ।

GULF MANAGEMENT INTERNATIONAL PVT.LTD
Tokha-9, Gongabu, Kathmandu, Nepal, Tel. :- +977-1-5906493, 4970134, Mobile: 9851040203, 9851419911
E-mail :- gulfmanagementinter@gmail.com, Web Site :-www.gulfmmi.com
श्रम ईजाजत नं. ७८८/०६५/०६६

## कुवेतमा रोजगार

कम्पनी : PALMS AGRICULTURAL PRODUCTION COMPANY

पूर्व स्वीकृति मिति : २०८२/०८/०३ | LT. No. 333926 | चलानी नं. ६०२४७५६०

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलब KD | मासिक तलब ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Agricultural Supervisor | 2 | 0 | 220 | १०१,५०५ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |
| 2 | Agriculture Engineer | 2 | 0 | 480 | २२१,४६५ | | | | | | | |
| 3 | Agriculture Labour | 95 | 0 | 100 | ४६,१४० | | | | | | | |
| 4 | Cashier | 5 | 25 | 175 | ८०,७४५ | | | | | | | |
| 5 | Civil Engr. | 2 | 0 | 480 | २२१,४६५ | | | | | | | |
| 6 | Driver | 10 | 0 | 170 | ७८,४३५ | | | | | | | |
| 7 | General Mechanical Eng. | 2 | 0 | 480 | २२१,४६५ | | | | | | | |
| 8 | Hdd | 5 | 0 | 400 | १८४,५५५ | | | | | | | |
| 9 | Hdd Operator | 5 | 0 | 400 | १८४,५५५ | | | | | | | |
| 10 | Operators/driver | 3 | 0 | 200 | ९२,२७५ | | | | | | | |
| 11 | Store Keepar | 2 | 0 | 150 | ६९,२१० | | | | | | | |

अन्तरवार्ता हुने स्थान: संस्थाको कार्यालय काठमाडौंमा मिति: २०८२ मंसिर ११ गते (27th Nov. 2025) मा हुनेछ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिने | स्वदेशमा गरिने बिमा खर्च कसले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | सामाजिक सुरक्षा कोष कसले दिने र कति लाग्ने (एसएसएफ) | कल्याणकारी कोषसम्बन्धि व्यवस्था: | सेवा शुल्क | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने/रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु २३०८/- कामदारले तिर्ने | रु. १,५००/- कामदार आफैंले | नि:शुल्क | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |

**वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी:** १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षार गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा बैदेशिक रोजगार विभाग ताहाचलमा सम्पर्क राख्नुहोला ।

LIC No. 1136/073/074

DEEP JYOTI MANPOWER SERVICE PVT LTD.
Sinamangal-9, Kathmandu, Nepal, Tel: +977-1-4590678, 4592910, Mob: 9801797200, 9801797200, 9808046424, 9819844263, E-mail : deepjyotimanpower1136@gmail.com, Web: deepjyotimanpower.com.np


## कर्जा चुक्ता भुक्तानी गर्ने सम्बन्धी ३५ (पैतिस) दिने अत्यन्त जरूरी सूचना

(प्रकाशित मिति २०८२ साल मंसिर महिना ४ गते बिहीबार)

यस विकास बैंकको शाखा कार्यालय सिद्धिचंरणबाट तपशिलमा उल्लेखित ऋणीहरुले साधारण कर्जा शीर्षक अन्तर्गत लिएको कर्जाको साँवा, ब्याज र अन्य दै दस्तुर समेत तिर्ने बुझाउने सम्बन्धमा बैंकसंग गरेको शर्त कबुलियत उल्लंघन गर्नु भएको र बैंकबाट पटक पटक मौखिक तथा लिखित रुपमा तरताकेता गर्दा समेत सो कर्जाको तिर्नु बुझाउनु पर्ने साँवा, ब्याज तथा हर्जाना समेत चुक्ता भुक्तान गर्न आउने तर्फ कुनै चासो नदेखाउनु भएको र नआउनु भएकोले यो सूचना प्रकाशित भएको मितिले ३५ (पैतिस) दिन भित्रमा बैंकलाई तिर्न बुझाउनु पर्ने सम्पूर्ण साँवा, ब्याज तथा हर्जाना ब्याज समेत चुक्ता भुक्तान गर्न आउनुहुन यो सूचना प्रकाशित गरिएको छ । यो सूचना प्रकाशित भएको मितिले ३५ दिन भित्र यस संस्थामा सम्पर्क राखी संस्थाबाट लिएको कर्जाको सम्पूर्ण सावां, ब्याज र अन्य दै दस्तुर चुक्ता भुक्तान गर्नु होला । उक्त अवधि भित्र तपाईले यस संस्थाबाट लिएको कर्जाको साँवा, ब्याज र अन्य दै दस्तुर चुक्ता भुक्तान नगरेमा तपाई तथा तपाईको एकाघरसंगोलका अंशियार सदस्यहरुको नाममा रहेको चल अचल सम्पत्ति बैंक तथा वित्तीय संस्था सम्बन्धी ऐन २०७३ को दफा ५७ उपदफा १ ले दिएका अधिकार प्रयोग गरी लिलाम बिक्री गरी संस्थाले आफ्नो सम्पूर्ण लेना रकम असुल उपर गरी लिने व्यहोरा अवगत गराउंदछौं । सो मार्फत पनि संस्थाको सम्पूर्ण लेना रकम असूल उपर नभएमा बैंक तथा वित्तीय संस्था सम्बन्धी ऐन २०७३, बैंक तथा वित्तीय संस्था ऋण असूली ऐन २०५८ र सोको नियमावली तथा प्रचलित कानून अनुसार ऋणी तथा व्यक्तिगत धनजमानीकर्ताको अन्य चल अचल जायजेथा श्रीसम्पत्तिबाट बांकी साँवा, ब्याज हर्जाना तथा अन्य दै दस्तुर असूल उपरका लागि अन्य कानूनी प्रकृया अगाडी बढाईने व्यहोरा ऋणी तथा धनजमानीकर्ताहरु तथा सम्बन्धित सबैलाई यो सूचना मार्फत सूचित गरिन्छ । साथै उक्त अवधि भित्र कर्जा चुक्ता नभएमा बैंक तथा वित्तीय संस्था सम्बन्धी ऐन, २०७३ को दफा ५७ को उपदफा ११ अनुसार ऋणी र व्यक्तिगत धनजमानीकर्ताको तीन पुस्ते विवरण कर्जा सूचना केन्द्र लि.को कालो सूचीमा नाम समावेश गरिने व्यहोरा समेत जानकारी गराईन्छ ।

**तपशिल**

| **१) ऋणीको विवरण** |
|---|
| हर्क बहादुर बिश्वकर्माको छोरी राम कृष्ण बिश्वकर्माको बुहारी पृथि बहादुर बिश्वकर्माको पत्नी ओखलढुंगा जिल्ला रात्तमाटे वडा नं. ९ हाल, सिद्धिचरण न.पा. वडा नं. १२ बस्ने **लोकमाया बिश्वकर्मा** (ना.प्र.नं. : २३७२/२३९५ जारी मिति र जिल्ला : २०४५/०२/०५, ओखलढुंगा) |
| **व्यक्तिगत धनजमानीकर्ताहरुको विवरण** |
| १) लक्ष्मी नारायण कामीको छोरी हर्क बहादुर तामाङ बिश्वकर्माको बुहारी एका बहादुर बिश्वकर्माको पत्नी ओखलढुंगा जिल्ला ओखलढुंगा वडा नं. २ हाल, सिद्धिचरण न.पा. वडा नं. १२ बस्ने **लक्ष्मी बिश्वकर्मा** (ना.प्र.नं. : १३१०१४/६२ जारी मिति र जिल्ला : २०६४/०५/०३, ओखलढुंगा) |
| २) इन्द्र विर बिश्वकर्माको नाति रामकृष्ण बिश्वकर्माको छोरा ओखलढुंगा जिल्ला रात्तमाटे वडा नं. ९ हाल, सिद्धिचरण न.पा. वडा नं. १२ बस्ने **पृथि बहादुर बिश्वकर्मा** (ना.प्र.नं. : १४२८ जारी मिति र जिल्ला : २०५८/०९/०२, ओखलढुंगा) |

| **२) ऋणीको विवरण** |
|---|
| धन बहादुर बिश्वकर्माको छोरी सेते गजमेरको बुहारी केशर गजमेरको पत्नी ओखलढुंगा जिल्ला रुम्जटार वडा नं. ६ हाल, सिद्धिचरण न.पा. वडा नं. ४ बस्ने **रिमु बिश्वकर्मा** (ना.प्र.नं. : १३३००७/९५ जारी मिति र जिल्ला : २०६३/१०/११, ओखलढुंगा) |
| **व्यक्तिगत धनजमानीकर्ताको विवरण** |
| धन बहादुर गजमेरको नाति सेते गजमेरको छोरा ओखलढुंगा जिल्ला सिद्धिचरण न.पा. वडा नं. १३ हाल, वडा नं. ४ बस्ने **केशर गजमेर** (ना.प्र.नं. : २/२८८/९६०६/४६९ जारी मिति र जिल्ला : २०५२/११/०२, ओखलढुंगा) |

"नेपाल राष्ट्र बैंकबाट "ख" वर्गको इजाजतपत्र प्राप्त राष्ट्रिय स्तरको विकास बैंक"

**मुक्तिनाथ विकास बैंक लि.**
**MUKTINATH BIKAS BANK LTD.**

Winner of EUROPEAN MICROFINANCE AWARD 2020

Central Office: Lazimpat, Kathmandu, Tel.: 01-5970887, Toll Free No. (NTC): 16600149999, Toll Free No. (Ncell): 18102149999, E-mail: info@muktinathbank.com.np, Web: www.muktinathbank.com.np

जनता बैंकमा होइन, बैंक जनतामा जानु पर्दछ

## Armed Police Force Nepal

### Halchowk, Swayambhu

## Invitation for E-bids

**Date of publication: 20th November, 2025.**

1. Armed Police Force, Nepal invites electronic bids from eligible bidders for the following bids under National Competitive Bidding single stage one envelope bidding procedure.
2. Bid Submission/opening date: 21, Dcecmber 2025- 12:00 hrs/ 21, Decenber, 2025- 12:30 hrs.
3. Eligible Bidders may obtain further information from the office of Armed Police Force Nepal or may visit PPMO web portal www.bolpatra.gov.np/egp

| S.N. | Contract Identification Number | Description of Work | Address Contact | Estimated Amount (with VAT provisional sum (Nrs) | Bid Security Amount (Nrs) | Cost of Bid Document (Nrs) |
|---|---|---|---|---|---|---|
| 1. | APF/NCB Works/N APFH Balambu /082/083-001 | Construction of Cabin & Other Civil Works. | APF Nepal Hospital, Balambu, Kathmandu 01-4315234 apfhospital. procurement@gmail.com | 1,04,99,473.88 | 2,70,000 | 3,000 |

## Uttargaya Rural Municipality
## Office of the Rural Municipal Executive

**Uttargaya 5, Ward Office**
**Laharepauwa , Rasuwa**
**Bagmati Province, Nepal.**

## Invitation for Sealed Quotation

**Invitation for Sealed Quotation for the procurement of Supply and delivery of Veterinary Medicine**
**Sealed Quotation No: URM/SQ/GOODS/02/2082-083**

**Date of second Publication: 20-11-2025**

1. The Uttargaya Rural Municipality, Rasuwa invites sealed quotations from registered Suppliers for the Supply and delivery of Veterinary Medicine.
2. Eligible eligible Suppliers may obtain further information and inspect the Sealed quotation Forms at the office of Uttargaya-05 Rasuwa Laharepauwa, 9849139266,, uttargayarm@gmail.com.
   OR
   [ May visit PPMO website www.bolpatra.gov.np.]
3. If hard copy is allowed then a complete then a complete set of Bidding Documents may be purchased from the office Uttargaya Rural Municipality, Rasuwa Uttargaya-05 Rasuwa Laharepauwa and the office Uttargaya Rural Municipality, Rasuwa Uttargaya- 05 Rasuwa Laharepauwaby eligible Bidders on the submission of a written application, along with the copy of company/firm registration certificate, and upon payment of a non-refundable fee of NRs. 1000.0 till 05-12-2025 12:00 during office hours.
4. Bidder who chooses to submit their bid electronically may download the bidding documents for e-submission from PPMO's e-GP
   i. e www.bopatra.gov.np/egp. Bidders, submitting their bid electronically, should deposit the cost of bidding document in the following account
   i. **Name of the Bank** : Himalayan Bank Ltd. ii. **Name of Office :** Uttargaya Rural Municipality, Rasuwa
   iii. **Office Code No. :** 80328501 iv. **Office Account No :** 04407741280019
   v. **Rajaswa (revenue) Shirshak No:** 14249
5. Sealed bids must be submitted to the office Uttargaya Rural Municipality, Rasuwa Uttargaya-05 Rasuwa Laharepauwa by hand or through e-GP system i.e www.bopatra.gov.np/egp on or before 05-12-2025 12:00. Bids received after this deadline will be rejected.
6. The bids will be opened in the presence of Bidders' representatives who choose to attend at 05-12-2025 12:30 at the office of Uttargaya Rural Municipality, Rasuwa
   Uttargaya-5
   Laharepauwa, Rasuwa
   Bagmati Province, Nepal.
   Bids must be valid for a period of 45 days after bid opening and must be accompanied by a bid security amounting to a minimum of 20000, which shall be valid for 30 days beyond the validity period of the bid (i.e. [Refer Clause ITB 20.1]). If bidder wishes to submit the Cash Security, the cash should be deposited in Deposit Account No.[04407741280014] at [Himalayan Bank Ltd., UTTARGAYA-05, Betrawati] and submit the receipt of the deposited amount of cash along with the Sealed Quotation.
7. If the last date of purchasing and/or submission falls on a government holiday, then the next working day shall be considered as the last date. In such case the validity period of the bid security shall remain the same as specified for the original last date of bid submission.
8. The Purchaser reserves the right to accept or reject, wholly or partly any or all the Sealed Quotations without assigning any reason, whatsoever.

**Chief Administrative Officer**

प्रभाव दैनिक National Daily

# अर्थ बजार

आजको मूल्य

| छापावाला सुन | तेजाबी सुन | चाँदी |
|---|---|---|
| प्रति तोला – २४२३०० | प्रति तोला – ० | प्रति तोला – ३१५० |

## बेतन कर्णाली अर्धजलाशययुक्त जलविद्युत्को लगानी स्वीकृत



■ प्रभाव संवाददाता

**काठमाडौं–** लगानी बोर्डले बेतन कर्णाली अर्धजलाशययुक्त जलविद्युत् परियोजना (४३९ मेगावाट) को लगानी स्वीकृत गर्ने भएको छ। अनुमानित लागत रु ९३ अर्ब ४० करोड ७६ लाख ३६ हजार बराबरको लगानी गरी परियोजना विकास सम्झौताको लागि वार्ता समिति गठन गर्ने निर्णय गरेको छ। प्रधानमन्त्री एवम् लगानी बोर्डका अध्यक्ष सुशीला कार्कीको अध्यक्षतामा बसेको ६७ औं बैठकले उक्त अर्धजलाशययुक्त जलविद्युत् परियोजना अगाडि बढाउने निर्णय गरेको प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयले जनाएको छ।

बैठकले गत आर्थिक वर्ष २०८१/८२ को लगानी बोर्डको कार्यालयको प्रगति समीक्षा गर्दै चालु आर्थिक वर्ष २०८२/८३ को वार्षिक कार्ययोजना स्वीकृतसमेत गरेको छ। साथै, तल्लो अरुण जलविद्युत् परियोजना (६६९ मेगावाट) को उत्पादन अनुमतिपत्रको मस्यौदा स्वीकृतगरी अनुमतिपत्र जारी गर्न लगानी बोर्डको कार्यालयका प्रमुख कार्यकारी अधिकृतलाई अख्तियारी प्रदान गरिएको छ।

बैठकले अरुण-३ जलविद्युत् परियोजना (९०० मेगावाट) को प्रत्यक्ष सम्झौता स्वीकृतिका लागि नेपाल सरकार, मन्त्रिपरिषद्मा प्रस्ताव पेश गर्ने निर्णय गरेको छ। पश्चिम सेती जलाशययुक्त जलविद्युत् परियोजना (८०० मेगावाट) को सर्वेक्षण अनुमतिपत्रको म्याद थप गर्ने निर्णय गरेको प्रधानमन्त्रीको कार्यालयले जनाएको छ।

बोर्ड बैठकले परियोजना विकासकर्ता कम्पनी ब्लेजपिक ग्लोबल ग्रुप लिमिटेड, हङकङद्वारा आह्वान नगरिएको प्रस्तावका रूपमा पेश भएको अटो सर्भिस इको-इन्डस्ट्रियल पार्क परियोजना (अनुमानित लागत रु १६ अर्ब) को विकास तथा सञ्चालनका लागि विस्तृत परियोजना प्रतिवेदन तयारी गर्न समझदारी गरी सर्वेक्षण अनुमतिपत्र प्रदान गर्न लगानी बोर्डको कार्यालयका प्रमुख कार्यकारी अधिकृतलाई अख्तियारी प्रदान गर्ने निर्णय गरेको छ।

लगानी बोर्डको कार्यालयका लागि चालु आर्थिक वर्ष २०८२/८३ का लागि आवश्यक विभिन्न सेवा, समूह र श्रेणीका पदहरूको अस्थायी दरबन्दी स्वीकृत गर्न तथा सार्वजनिक-निजी साझेदारी तथा लगानी नियमावली, २०७७ को संशोधनको मस्यौदा स्वीकृतिका लागि नेपाल सरकार, मन्त्रिपरिषद् समक्ष पेश गर्ने निर्णय गरेको छ।


### सुनापति गाउँपालिका
### गाउँ कार्यपालिकाको कार्यालय
हिलेदेवी, रामेछाप

## बोलपत्र आशयको सूचना

**प्रकाशित मिति : २०८२/०८/०४**

यस गाउँ कार्यापालिका कार्यालयको मिति २०८२/०६/२९ गते प्रकाशित सूचना अनुसार निम्नानुसार योजनाको बोलपत्र आह्वान गरिएकोमा सो को मूल्याङ्कन गरी तपशीलमा उल्लेखित बोलपत्रदाताको बोलपत्रहरू छनोट गरिएकोले सार्वजनिक खरिद ऐन २०६३ को दफा २७ (२) बमोजिम स्वीकृती भएको आशयको लागि सम्बन्धित सबैको जानकारीको लागि यो सूचना प्रकाशन गरिएको छ।

**तपशील:**

| क्र.सं. | ठेक्का नं | ठेक्काको नाम | बोलपत्रदाताको नाम | कबोल अङ्क (मू.अ.कर सहित) |
|---|---|---|---|---|
| 1. | SUN/W/NCB/03/2082/083 | Construction of Sunapati Basic Hospital Perimeter Infrastructures at Sunapati RM-03 | Zenith Construction, Banepa | रु. २५,९१,०३४.६४/- |
| 2 | SUN/W/NCB/04/2082/083 | Construction of Panighat Bethan Sahid Park Infrastructure Nirman at Sunapati RM-04 | Sano Sailung Nirman Sewa Pvt Ltd, Ramechhap | रु. १९,७१,९७०.१०/- |

**प्रमुख प्रशासकीय अधिकृत**


एमसिसी नेपाल कम्प्याक्ट

## ५० मिलियन अमेरिकी डलर थप सहयोग सुनिश्चित

■ प्रभाव संवाददाता

**काठमाडौं–** नेपाल सरकार र संयुक्त राज्य अमेरिकी सरकारको मिलेनियम च्यालेन्ज कर्पोरेसन (एमसीसी) ले एमसिसी नेपाल सम्झौतामा अमेरिकाले पाँच करोड अमेरिकी डलर (करिब सात अर्ब रूपैयाँ) को अनुदान रकम थप गर्ने घोषणा गरेका छन्।

यससँगै उक्त सम्झौताअन्तर्गत उपलब्ध कूल रकम ७४ करोड ७० लाख अमेरिकी डलर (करिब एक खर्ब छ अर्ब रूपैयाँ) पुगेको छ, जसमा अमेरिाको ५५ करोड डलर र नेपाल सरकारको १९ करोड ७० लाख डलर रहने छ।

यो थप स्रोतले प्राथमिकता प्राप्त विद्युत् प्रसारण पूर्वाधारलाई पूर्ण बनाउने, नेपालको ऊर्जा प्रणालीको सुदृढीकरण गर्ने र क्षेत्रीय ऊर्जा व्यापारको अभिवृद्धिलाई सम्भव बनाउनेजस्ता सो सम्झौताका मुख्य उद्देश्यहरू पूरा गर्न मद्दत गर्नेछ। ऊर्जा ग्रिडको विश्वसनीयता र बजार पहुँचमा सुधार गरी यस सम्झौताले अन्तरराष्ट्रिय 'कनेक्टिभिटी'मा सहयोग पुर्‍याउने र ऊर्जा पूर्वाधारमा अमेरिकी उत्कृष्टता तथा असल अभ्यासहरूको प्रवर्द्धन गर्ने अपेक्षा राखिएको छ। उक्त सम्झौताले अमेरिकी प्रविधि र कम्पनीहरूका लागि नेपाली बजारमा प्रवेश गर्ने अवसरहरूको विस्तार पनि गर्दछ।

यो आर्थिक सहयोगले अमेरिका र नेपालबीच रहेको चिरस्थायी साझेदारी प्रतिविम्बित गर्दछ। दशकौंसम्म दुई देशले आर्थिक वृद्धि, ऊर्जा सुरक्षा र पारस्परिक समृद्धिलाई अघि बढाउनसँगै काम गरेका छन्। एमसिसी नेपाल सम्झौताले उच्च प्रभावयुक्त पूर्वाधारमा केन्द्रित, ऋणरहित र अनुदानमा आधारित सहायतामार्फत उक्त इतिहासलाई निरन्तरता दिएको यहाँस्थित अमेरिकी दूतावासले जनाएको छ।


Province Government
Sudurpaschim Province
Ministry Of Social Development
Educational Development Directorate

### Social Development Office
Martadi, Bajuras

## Invitation for Electronic Bids

**(First Date of Publication: 2082/08/04 (20th Nov.-2025)**

1. Social Development Office Martadi, Bajura invites electronic bids from Nepalese eligible bidders for the construction of The Projects Mentioned Below under National Competitive Bidding procedures.All other Information and Bid documents Can be downloaded PPMO website www.bolpatra.gov.np/egp.All the eligible bidders are requested to submit E-bid only as per instruction with in mentioned Period.

| S.N | Contract Identification No. | Description of works | Estimated Amount (NRS) Including VAT | Bid Security Amount (NRS.) | Cost of Bid Document (NRS | Bid Security Validity Period | Deadline for Submission of Bids |
|---|---|---|---|---|---|---|---|
| 1 | SDO/Bajura/Works/NCB/01/082-083 | Devasthali Aa. Bi Two Room School Building Construction at. Gaumul R.M 06, Bajura | 1748772.31 | 43200.00 | 3000 | 120 days | 2082/09/06 12:00 Hrs |
| 2 | SDO/Bajura/Works/NCB/02/082-083 | Bhawani Aa. Bi Two Room School Building Construction at. Jagnnath R.M 01, Bajura | 1748772.31 | 43200.00 | 3000 | 120 days | 2082/09/06 12:00 Hrs |
| 3 | SDO/Bajura/Works/NCB/03/082-083 | Kulamasta Jana Aa. Bi Two Room School Building Construction at. Himali R.M 05, Bajura | 1748772.31 | 43200.00 | 3000 | 120 days | 2082/09/06 12:00 Hrs |
| 4 | SDO/Bajura/Works/NCB/04/082-083 | Janashakti Aa. Bi Two Room School Building Construction at. Triveni Mun 04, Bajura | 1737657.80 | 43200.00 | 3000 | 120 days | 2082/09/06 12:00 Hrs |
| 5 | SDO/Bajura/Works/NCB/05/082-083 | Satyasingh Aa. Bi Two Room School Building Construction at.Swamikartik R.M 01, Joru, Bajura | 1748772.31 | 43200.00 | 3000 | 120 days | 2082/09/06 12:00 Hrs |
| 6 | SDO/Bajura/Works/NCB/06/082-083 | Badimalika Campus Hostel Building Construction Works at Budhiganga 06, Bajura | 4587410.01 | 114000.00 | 3000 | 120 days | 2082/09/06 12:00 Hrs |
| 7 | SDO/Bajura/Works/NCB/07/082-083 | Khapardebasthali Ma.Bi four Room School Building Construction at.Khaptadchhededaha R.M 04, Bajura | 3436791.54 | 86000 | 3000 | 120 days | 2082/09/06 12:00 Hrs |
| 8 | SDO/Bajura/Works/NCB/08/082-083 | Pashupati Ma.Bi. four Room School Building Construction at. Budhiganga Mun.03 Tapra, Bajura | 5410527.28 | 136000.00 | 3000 | 120 days | 2082/09/06 12:00 Hrs |
| 9 | SDO/Bajura/Works/NCB/09/082-083 | Janaprakash Ma.Bi. four Room School Building Construction at. Budhinanda Mun.02 Kolti, Bajura | 5407920.79 | 136000.00 | 3000 | 120 days | 2082/09/06 12:00 Hrs |

2. The Employer reserves the right to accept or reject, wholly or partly any or all the bids without assigning any reason whatsoever .

**Office chief**


## कामपाद्वारा तीन अर्ब २२ करोड राजस्व संकलन

**काठमाडौं (प्रस)–** काठमाडौं महानगरपालिकाले चालु आर्थिक वर्षको कात्तिक मसान्तसम्ममा रु तीन अर्ब २२ करोड ४१ लाख २५ हजार १४९ राजस्व संकलन गरेको छ। सोही अवधिमा गत आवमा रु तीन अर्ब १६ करोड ७६ लाख १४ हजार ६५७ संकलन भएको थियो।

गत वर्ष रु १२ अर्ब ९० करोड ६३ लाख २५ हजार लक्ष्य निर्धारण गरिएको जनाउँदै कामपा राजस्व विभागका प्रमुख दीपक अधिकारीले चालु आवका लागि रु १५ अर्ब ११ करोड ४३ लाख ४१ हजार लक्ष्य राखिएको बताए।

चालु आवको हालसम्म आन्तरिक करतर्फ रु एक अर्ब ९६ करोड ८१ लाख ७५ हजार ७०० संकलन भएको छ। गत आवको यस अवधिमा रु एक अर्ब ९९ करोड दुई लाख ६७ हजार ६९५ राजस्व संकलन भएको थियो।

चालु आवमा आन्तरिक राजस्व घट्नुको कारण सम्पत्ति कर रहेको अधिकारीको भनाइ छ। उनका अनुसार गत आवको पहिलो चौमासिक अवधिमा रु ५० करोड ३१ लाख तीन हजार ७३८ संकलन भएको सम्पत्ति कर चालु आवको सोही अवधिमा रु ४२ करोड ७६ लाख ५४ हजार २७६ संकलन भएको छ।

अधिकारीले भने, 'गत वर्ष सम्पत्ति कर सम्बन्धित मालपोत कार्यालयले तोकेको दरमा लिने भन्ने निर्णय गरियो। यस विषयमा करदाताबाट गुनासो आएपछि २०८१ असोजमा बसेको कार्यपालिका बैठकले पुरानै दरमा सम्पत्ति कर लिने निर्णय गरेपछि समायोजन गर्दा यस वर्ष सम्पत्ति कर घटेको हो।'

**प्रभाव पब्लिकेसन प्रा.लि.**द्वारा प्रकाशित **मुद्रण**: एक्प्रेस कलर प्रेस, **कार्यालय**: काठमाडौं-७, सिफल, नेपाल फोन नं.: ०१-४३७३५७७, ०१-४५८४३६८, इमेल: prabhabdailynews@gmail.com, **विज्ञापनका लागि**: marketing2prabhab@gmail.com, **प्रबन्ध निर्देशक**: कृष्ण कार्की, **सम्पादक**: विष्णु तामाङ